"कृषि, उद्योग, पर्यटन र पूर्वाधार, खैरहनी नगर विकासको मूल आधार"

खैरहनी नगरपालिकाको नगरसभाको
१९ औं अधिवेशनमा नगर प्रमुख श्री शशी कुमार खनियाले प्रस्तुत गर्नुभएको

आर्थिक वर्ष २०८३/८४ को

# वार्षिक नीति तथा कार्यक्रम



## “कृषि, उद्योग, पर्यटन र पूर्वाधार, खैरहनी नगर विकासको मूल आधार”

खैरहनी नगरपालिकाको नगरसभाको
१९ औं अधिवेशनमा नगर प्रमुख श्री शशी कुमार खनियाले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम

खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चितवन

कृषि, उद्योग, पर्यटन र पूर्वाधार, खैरहनी नगर विकासको मुल आधार

# खैरहनी नगरपालिकाको नगरसभाको १९ औं अधिवेशनमा प्रस्तुत आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम

---

खैरहनी नगरपालिकाका उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, नगरसभा सदस्यज्यूहरू, नगर शिक्षा अधिकारी, वरिष्ठ विभागीय इन्जिनियर, कर्मचारी साथीहरू, सञ्चारकर्मी मित्रहरूलाई खैरहनी नगरपालिकाको नगरसभाको १९ औं अधिवेशनमा मेरो व्यक्तिगत तर्फबाट तथा खैरहनी नगरपालिका परिवारको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र स्वतन्त्र जनजीविकाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनहरू र गत वर्षको जेनजी आन्दोलनको क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । ती आन्दोलनहरूको नेतृत्व गर्नुहुने अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपाली समाजको रुपान्तरणमा उहाँहरूले पुऱ्याउनु भएको योगदानको उच्च मूल्याङ्कनसहित पुनः स्मरण गर्न चाहन्छु ।

गत वर्षको भदौ महीनामा भएको जेनजी आन्दोलनको क्रममा यस नगरपालिकालेसमेत अकल्पनीय तथा ठूलो क्षति बेहोर्नुपर्यो । प्रमुख प्रशासकीय भवनहरू, १३ वटै वडा कार्यालयहरू, सवारी साधनहरू, सम्पूर्ण जिन्सी सामानहरू जलेर नष्ट भयो । त्यो कहालीलाग्दो क्षतिबाट झण्डै १८ करोड बराबरको क्षति हुनपुग्यो । तत्पश्चात पुनः सबै क्षतिग्रस्त संरचनाहरू पुनःनिर्माण गरी साविककै जस्तै सबै कार्यालयहरूबाट सेवा प्रवाह सुचारू भएको छ । यस कार्यमा सहयोग गर्नुहुने सबै सरोकारवालामा हार्दिक धन्यवाद दिन चाहन्छु र कामना गर्छु: आउँदो दिनहरूमा पुनः देशले यस्तो क्षति कहिलै बेहोर्नु नपरोस् ।

खैरहनी नगरपालिका स्थापनाकालदेखिनै यहाँका राजनीतिक दल, समाजसेवी, पूर्व जनप्रतिनिधि तथा नगरपालिकाका वर्तमान जनप्रतिनिधिहरूले नेतृत्व गरेको विगतको अथक प्रयासबाट हासिल भएको उपलब्धिहरूको जगमा टेकेर आगामी दिनमा विगतका हाम्रा भोगाई र सिकाईका साथै विभिन्न क्षेत्रबाट प्राप्त सल्लाह सुझावहरूको आधारमा विकासको यात्रालाई तीव्रताका साथ अगाडि बढाउने प्रण गर्दछु ।

विगत वर्षहरूमा गरिएको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा) र वित्तीय जोखिम मूल्याङ्कन (एफ.आर.ए) मा हाम्रो नगरपालिकाले देशभरमै उत्कृष्ट नतिजा हाँसिल गर्न सफल भएको छ । यसै वर्ष नेपाल सरकार, भूमि व्यवस्था, सहकारी,

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको गत आर्थिक वर्षको लिजा र एफ.आर.ए. को मूल्याङ्कनको नतिजाको परिमाणमा नेपाल राज्यभरका स्थानीय तहहरूमा दोश्रो स्थान हासिल भएको छ । यो गरिमामय उपलब्धीको लागि खैरहनी नगरपालिकाको कार्यसम्पादनमा सुझाव, सल्लाह र सहयोग गर्नुहुने सम्पूर्ण नगरवासी यस क्षेत्रका सङ्घीय तथा प्रदेशका माननीय सांसद, जिल्ला समन्वय समितिका प्रमुख, राजनीतिक दल, सामाजिक संघ, संस्था, उप प्रमुख, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, वडा सदस्यहरू, कार्यालयका सम्पूर्ण कर्मचारीहरू साथै पत्रकार मित्रहरू प्रति धन्यवादसहित आभार प्रकट गर्दछु । साथै आगामी दिनमा समेत निरन्तर सल्लाह, सुझाब र सहयोगको अपेक्षा गरेकोछु । नेपालको संविधानको अनुसूची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरू, मौलिक हकहरू, राज्यका निर्देशक सिद्धान्त र नीतिहरू, संङ्घीय सरकारले अंगिकार गरेको सोह्रौ आवधिक योजनाले निर्धारण गरेको लक्ष्य र नीतिहरू, दिगो विकासका लक्ष्यहरू, नेपाल सरकारको आर्थिक वर्ष २०८३।८४ को बजेट, नीति तथा कार्यक्रम, बागमती प्रदेशको दोस्रो आवधिक योजना तथा आर्थिक वर्ष २०८३।८४ को बजेट, नीति तथा कार्यक्रम, खैरहनी नगरपालिकाको पहिलो आवधिक योजना, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का विभिन्न प्रावधानहरू, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५, संङ्घीय

सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशनहरू, खैरहनी नगरपालिकाको आर्थिक सर्वेक्षण २०८३, माननीय सांसदज्यूहरू, विभिन्न राजनैतिक दल तथ सरोकारबालाहरूबाट प्राप्त राय सुझावहरू, विगत वर्षहरूमा सम्पन्न भएका नगर सभाहरूबाट पारित भएका नीति निर्णयहरू, स्थानीय राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति तथा विषयगत समितिहरूबाट प्राप्त राय सल्लाह र सुझाबहरू, लेखापरीक्षण प्रतिवेदन, लैङ्गीक परीक्षण, सामाजिक परीक्षणलगायत विभिन्न प्रतिवेदनमा प्राप्त सुझावहरूको आधारमा खैरहनी नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३।८४ मा अबलम्वन गर्ने क्षेत्रगत नीति तथा कार्यक्रमहरू तय गरिएको छ । खैरहनी नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम मुख्यतया देहायका सात विषयमा केन्द्रित रहने छ।

क. उपलब्ध साधन, श्रोत, अवसर र क्षमताको विवेकशील परिचालन गरी गुणस्तरीय, वातावरण संरक्षण केन्द्रित, दिगो र तीव्र पूर्वाधार विकासका कार्यक्रमहरू सम्पन्न गर्ने ।

ख. सबल स्थानीय सरकार, समुन्नत नगरपालिका, सुखी नगरवासी, "सबल र समृद्ध खैरहनी" भन्ने नारालाई आत्मसात गर्दै सामाजिक, आर्थिक विकास र जलवायु परिवर्तन अनुकूलन पद्धतिको अवलम्बनमार्फत स्थानीय अर्थव्यवस्थालाई उत्थानशील, समुन्नत र स्वाधीन बनाउने ।

चक्रिय र हरित अर्थतन्त्रमा आधारित जीवन पद्धतिलाई प्रोत्साहन गर्ने ।

ग. गुणस्तरीय शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी,सरसफाई तथा सहज सडक सुविधाको सुनिश्चितता गर्दै कृषि, पशुपालन, पर्यटन र उद्यमशिलता विकासमार्फत नगरपालिकाको समग्र उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने ।

घ. विपन्न परिवारका सदस्य, महिला, आदिवासी, जनजाति र अपाङ्गता भएका नागरिकलाई रोजगारी र स्वरोजगारीका अवसर सृजना गर्न योगदान गर्ने सीप विकास र बीउ पूजीँ केन्द्रित रोजगार कार्यक्रम सञ्चालन गरी आर्थिक असमानता र गरिबी न्यूनीकरण गर्ने ।

ङ. संरचनागत सुधार र बहुक्षेत्र सहकार्यमा विपद्जन्य जोखिम न्यूनीकरण गर्दै नागरिक संलग्नतामा विपद् प्रतिकार्यलाई वस्तुनिष्ठ र प्रभावकारी बनाउने ।

च. कृतिम बौद्धिकता, क्लाउड कम्प्युटिङ, ब्लकचेन प्रविधि र रोबोटिक्सजस्ता आधुनिक प्रविधिको सदुपयोग गर्दै सार्वजनिक सेवा प्रवाहलाई नागरिक अपेक्षा केन्द्रित, सहज र गुणस्तरीय बनाउने । पारदर्शिता र जवाफदेहिताका

औजारहरूको प्रभावकारी प्रयोग गर्दै नगरबासीलाई सुशासनको सुखानुभुति प्रदान गर्ने ।

छ. नगरबासी युवाहरूलाई उनीहरूको रुचि र खुबीका आधारमा व्यवसायिक खेलकूद विकासमा जोड दिने तथा डिजिटल मार्केटिङसमेतका तालिम सञ्चालन गर्दै अप वोर्क, फाइभर,फ्रिलान्सर जस्ता अनलाईन प्लेटफर्ममा आफ्नो सीप उपयोग गरी घरमै बसेर वैदेशिक मुद्रा आर्जन गर्न वा स्टार्ट अप सुरुवात गर्न प्रोत्साहन गर्ने गरी क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।

**नगर सभाका सदस्यज्यूहरू,**

अब म आर्थिक, सामाजिक र पूर्वाधार विकास, वन वातावरण, विपद् व्यवस्थापन र सरसफाई क्षेत्र, सुशासन तथा संस्थागत क्षमता विकास, सामाजिक न्याय, सशक्तिकरण लगायत नगरपालिकाको सर्वाङ्गिण विकासका लागि नगरपालिकाले अवलम्बन गर्ने नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु ।

## आर्थिक विकास

### क) कृषि विकास

१. "कृषि उत्पादनको मूल आधार, सिँचाइ प्रणालीमा सुधार" भन्ने अवधारणालाई मध्यनजर गरी नगरपालिकाको

सिँचाइबाट वञ्चित खेतीयोग्य भूमिमा बाह्रमास सिँचाइ सुविधा पु-याई कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धिमा जोड दिने "किसान तपाईंलाई के चाहिन्छ ?" कार्यक्रमलाई निरन्तरता दिईने छ।

२. "खेतबारीमा प्राविधिक सेवा, उत्पादनमा टेवा" भन्ने नारा सम्बोधन गर्न कृषकको घर दैलोमा प्राविधिक सेवा, सामाजिक सञ्जालमा प्राविधिक प्याम्प्लेट, बाली रोग र कीरासँग सम्बन्धित भिडियो सामग्री प्रसारण गर्दै कृषकहरूलाई दक्ष बनाउने उद्देश्यले कृषि सम्बन्धी सचेतना कार्यक्रम तथा विभिन्न बाली वस्तु सम्बन्धी तालिम प्रदान गरिनेछ ।

३. "कृषि उत्पादनमा वृद्धि, खैरहनी नगरको समृद्धि" को मूल मर्मलाई साकार पार्न कृषिको आधुनिकीकरण तथा यान्त्रीकरणमार्फत तरकारी, खाद्यान्न, फलफूल, च्याउ र मह जस्ता कृषि उपजको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी कृषि उपजमा आत्मनिर्भर नगरपालिका निर्माण गरिनेछ।

४. कृषिमा निजी क्षेत्रको लगानी वृद्धिको उचित वातावरण सिर्जना गर्न एकीकृत कृषि उपज, माछा, मासु बजार निर्माण गरी "बारीदेखि बजारसम्म, उत्पादकदेखि उपभोक्तासम्म" अभियान सञ्चालन गरिनेछ, साथै निर्माण भएका कृषि उपज संकलन केन्द्र र कृषि बजार सञ्चालन गरिनेछ।

५. कृषि क्षेत्रमा युवाहरूलाई आकर्षित गरी कृषि कर्मलाई प्रतिस्पर्धी तथा व्यवसायिक बनाउन कृषक समूह, समिति र सहकारीको सहकार्यमा मेयरसँग कृषि कार्यक्रम लाई थप परिमार्जनसहित निरन्तरता दिइनेछ ।

६. विपन्न कृषक परिवारलाई करेसाबारी खेतीमा प्रोत्साहित गरी स्वच्छ र पोषणयुक्त खाद्यान्नमा पहुँच र खाद्य सुरक्षा सुनिश्चित गरिनेछ भने खेतीयोग्य जग्गा नहुने बिपन्न किसानलाई व्यावसायिक खेतीमा आकर्षित गरी कृषिमा दिगोपन ल्याउन जग्गा भाडामा अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७. "विदेशमा सिकेको सीप र ज्ञान, स्वदेशी भूमिमा योगदान" भन्ने मन्त्रलाई आत्मसाथ गर्दै वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई कृषि प्राविधिक क्षमता अभिवृद्धि गरी एक व्यवसायिक कृषकको रुपमा विकास गर्न सहयोग तथा सहजीकरण गर्ने कार्यक्रम थप परिमार्जनसहित अघि बढाइने छ।

८. अनुदानको रासायनिक मल, विषादी र बीउ बिक्रेताहरूलाई नियम र कानुनको परिधिभित्र मात्र कारोबार गर्न गराउन पाउने गरी व्यवस्थित गरिने छ।

९. "मौरीपालन व्यवसायमा लगानी, स्थानीय महबाट मनग्य आम्दानी" लाई आत्मसाथ गर्दै किसानद्वारा उत्पादित महको गुणस्तरको सुनिश्चितता सँगसँगै महको उचित मूल्यमा बिक्री वितरण गर्ने वातावरण सिर्जना गरिनेछ।

१०. किसानद्वारा उत्पादित कृषि उपजको सुरक्षित भण्डारण तथा बजार व्यवस्थापनमा सहयोग पुऱ्याउन निर्माण गरिएको शीत भण्डारको प्रभावकारी सञ्चालनका लागि आवश्यक पहल र समन्वय गरिनेछ।

११. माटो व्यवस्थापनको लागि माटो सुधार कार्यक्रम सञ्चालन गर्दै माटो परीक्षणको आधारमा कृषि चुन वितरणलाई थप परिस्कृत गरिनेछ साथै स्थानीय स्रोत-साधनको सदुपयोग गर्दै विभिन्न सरकारी र गैर-सरकारी निकायहरूसँगको समन्वयमा कम्पोष्ट तथा गड्यौले मलको उत्पादनलाई प्रोत्साहन गरी दिगो कृषि उत्पादन प्रणाली प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२. रैथाने बाली तथा परम्परागत खेती प्रणालीमा आधारित कृषकको स्थानीय ज्ञान, सीप र अभ्यासहरूको संरक्षण गर्दै जैविक विविधता र रैथाने बाली प्रवर्द्धन गरिनेछ।

१३. स्वस्थ उत्पादन, रसायन प्रतिस्थापनको लक्ष्य, आई.पि.एम. पद्धतिद्वारा कृषक स्वयं दक्ष" भन्ने नारालाई आत्मसाथ गर्दै आई.पि.एम. कृषक पाठशालालाई थप किसान मैत्री

बनाईनेछ र हानिकारक रासायनिक विषादीको विकल्पमा जैविक सामग्री एवं जैविक विषादीको प्रयोगबारे सचेतना जगाउँदै कृषकहरूलाई सहुलियत दरमा वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४. नयाँ तथा उन्नत जातका बीउ बिजनको प्रयोगलाई बढावा दिने र बजारमा बीउ बिजनको मूल्यमा एकरूपता ल्याउन खाद्यान्न बालीको उन्नत बीउ उपभोगमा अनुदान कार्यक्रम थप व्यवस्थित गरी लागू गर्दै लगिनेछ ।

## ख) सहकारी विकास

१५. सहकारी संस्थाहरूको अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाई सहकारी क्षेत्रको समुचित व्यवस्थापनका लागि नियमन, प्रवर्द्धन र प्रशिक्षणका कार्यक्रमहरू सञ्चालन गर्दै सुशासन र वित्तीय व्यवस्थापनलाई सुदृढ गर्न नियमित अनुगमनको व्यवस्थालाई निरन्तरता दिईनेछ।

१६. सहकारी संस्थाहरूको प्रवर्द्धन र नियमनलाई थप प्रभावकारी बनाउन संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ। सहकारी संस्थाहरूका लागि क्षमता अभिवृद्धि तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

१७. सहकारीप्रति आम जनताको विश्वास बढाउन क्षमता विकासका कार्यक्रम सञ्चालन गर्दै  प्रचलित कानूनको

पालना र नियमानुसार प्रगति प्रतिवेदन पेस नगर्ने सहकारी संस्थाहरूलाई कानूनी कारबाहीको दायरामा ल्याइनेछ।

## ग) पशु सेवा शाखा

१८. नेपाल सरकारको संक्रामक रोग नियन्त्रण रणनीति र बागमती प्रदेश सरकारको राहत नीतिसँग तादात्म्यता मिलाई खैरहनी नगरपालिका भित्र भैपरी आउन सक्ने महामारीजन्य रोगहरू (जस्तैः खोरेत, पिपिआर, स्वाइन फिभर, लम्पी स्किन आदि) विरुद्ध अभियानमुखी खोप सेवा सञ्चालन गरिनेछ।

१९. महामारीको समयमै पहिचान, रोकथाम तथा सङ्क्रमित कृषकलाई तत्काल राहत र पुनर्स्थापना सुनिश्चित गर्न "महामारी कोष" को स्थापना र सञ्चालन गरिनेछ।

२०. खैरहनी-६, सुर्तनीस्थित पशु सेवा शाखाको उपचार कक्षलाई सुदृढ गर्दै नियमित औषधि वितरण, गोबर, थुनेलो परीक्षण, तथा भिडियो एक्स-रे (यू.एस.जी.) सेवालाई प्रभावकारी बनाईनेछ। साथै, पशुको उत्पादकत्व वृद्धि, दीर्घ रोग तथा प्रजनन विकृति सम्बन्धी उपचार, बाँझोपन निवारण र पशु स्वास्थ्य सचेतनाका लागि "घुम्ती प्राविधिक तथा बाँझोपन निवारण शिविर" सञ्चालन गरिनेछ।

२१. सन् २०३० सम्म कुकुरको टोकाइबाट हुने रेबिज सङ्क्रमणलाई शून्यमा झार्ने राष्ट्रिय प्रतिबद्धतालाई स्थानीय

स्तरबाट सफल पार्न “निरन्तर बन्ध्याकरण तथा खोप तालिका, रेबिजमुक्त खैरहनी नगरपालिका” भन्ने मूल नाराका साथ सामुदायिक कुकुरहरूको निःशुल्क बन्ध्याकरण तथा रेबिज विरुद्धको खोप कार्यलाई आगामी आर्थिक वर्ष पनि निरन्तरता दिइनेछ।

२२. बागमती प्रदेश सरकारको "सहकारीमार्फत दूध उत्पादनमा आधारित प्रोत्साहन अनुदान" कार्यक्रमसँग पूर्ण समन्वय गर्दै दुग्ध उत्पादक कृषकहरूको श्रमको उच्च सम्मान स्वरूप प्रतिलिटर दूधमा अतिरिक्त स्थानीय अनुदानका लागि प्रादेशिक निकायसँग साझेदारी गरिनेछ।

२३. नगरपालिकाको दुग्ध क्षेत्रलाई विशिष्ट पहिचान दिलाउन र बजार सुनिश्चित गर्न कम्तिमा एक अग्रणी दुग्ध उत्पादक सहकारी संस्थालाई दुग्धजन्य पदार्थको विविधीकरण, प्रशोधन र उत्पादनका लागि विशेष सहयोग कार्यक्रम कार्यान्वयन गरिनेछ।

२४. सङ्घीय सरकारको "कृत्रिम गर्भाधानद्वारा नश्ल सुधार" योजनालाई सार्थक तुल्याउन “दूध उत्पादनको मुख्य आधार, कृत्रिम गर्भाधानद्वारा नश्ल सुधार” भन्ने सङ्कल्पका साथ स्थानीय पशुमा कृत्रिम गर्भाधान इच्छुक कृषकलाई कर्ताहरूलाई नियमित रूपमा उन्नत जातको पशुको सिमेन तथा तरल नाइट्रोजन उपलब्ध गराइनेछ।

२५. पशुको आधुनिक गोठ व्यवस्थापनका लागि "काउ म्याट" वितरण गरिनुका साथै बागमती प्रदेशको पशु आहारा प्रवर्द्धन नीति अनुरूप “एक पटक रोपौं, वर्षौंसम्म काटौं” भन्ने मान्यतालाई स्थापित गर्दै कृषकहरूलाई बहुवर्षीय तथा कोषे घाँस खेतीतर्फ आकर्षित गर्न उन्नत घाँसको बीउ वितरणमा विशेष जोड दिइनेछ।

२६. चालू आर्थिक वर्षमा जस्तै आगामी आर्थिक वर्ष पनि एकल महिलालाई जीविकोपार्जनमा सहयोग पुर्याउनका निम्ति छोरी पशुधन कार्यक्रम सञ्चालन गरिनेछ।

## घ) रोजगार, सीप तथा उद्यमशीलता केन्द्र

२७. <u>स्थानीय रोजगार प्रवर्द्धन</u>: नगर क्षेत्रभित्र आन्तरिक रोजगारी सिर्जना गर्ने उद्देश्यले स्थानीय योजना व्यवस्थापनमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ ।

२८. <u>डिजिटल श्रम सेवा र संवाद</u>: आधुनिक सूचना प्रविधिको उपयोग गर्दै डिजिटल श्रम तथा रोजगार सेवा सम्बन्धमा सरोकारवालाहरूसँग नियमित अभिमुखीकरण, रोजगार प्रवर्द्धन एवं नीतिगत संवाद कार्यक्रम सञ्चालन गरिनेछ ।

२९. लघू उद्यम र सीप विकासः गरिबी निवारणका लागि नयाँ लघू उद्यमी सिर्जना गर्न तथा पुराना उद्यमीहरूको व्यावसायिक स्तरोन्नतिका लागि पुनर्ताजगी र उच्च-स्तरीय

(एडभान्स) सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

३०. <u>मागमा आधारित तालिम</u>ः कम्तीमा २० जनाको समूह गठन गरी सीप विकास तालिम माग गरेमा मागमा आधारित तालिम प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३१. <u>प्रविधि हस्तान्तरण तथा उत्पादकत्व वृद्धि</u>ः स्थानीय सम्भाव्य उत्पादनहरूको उत्पादकत्व वृद्धि र बजार प्रतिस्पर्धात्मकता बढाउन कृषक, उद्यमी वा उत्पादकहरूको कम्तीमा ५ जनाको समूहलाई नवप्रवर्तनकारी प्रविधि हस्तान्तरण गरिनेछ ।

३२. <u>साझा सुविधा केन्द्र निर्माण</u>ः नगरस्तरीय उत्पादन सामाग्रीहरूको लागि कोशेली घर निर्माण गरिनेछ ।

३३. <u>वित्तीय साक्षरता अभियान</u>ः बैंक तथा वित्तीय संस्थाहरूसँगको समन्वयमा डिजिटल बैंकिङ, सुरक्षित विप्रेषण (Remittance) को उपयोग र उद्यमशीलता कर्जासम्बन्धी बृहत् वित्तीय साक्षरता अभियान सञ्चालन गरिनेछ ।

३४. <u>पुनःएकीकरण र श्रम संस्कृति</u>ः वैदेशिक रोजगारीबाट फर्किएका नागरिकहरूको आर्थिक-सामाजिक पुनःएकीकरणका साथै समाजमा "श्रमको सम्मान, राष्ट्रको

अभियान" जस्ता श्रम संस्कृति विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

३५. <u>सुरक्षित वैदेशिक रोजगार र क्षमता विकास</u>ः वैदेशिक रोजगारीमा जानेहरूका लागि श्रम स्वीकृति सहजीकरण र सचेतना जगाउनुका साथै रोजगारीमा रहेका व्यक्तिका परिवारका सदस्यहरूलाई क्षमता अभिवृद्धि गरी उद्यमशीलता प्रवर्द्धन गरिनेछ ।

३६. <u>समुदायस्तरमा मनोसामाजिक परामर्श</u>ः वैदेशिक रोजगारी तथा अन्य विविध सामाजिक-आर्थिक कारणबाट समस्यामा परेका व्यक्ति एवं तिनका परिवारलाई लक्षित गरी समुदायस्तरमै पुगेर मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ ।

३७. <u>स्थानीयस्तरमै स्वास्थ्य परीक्षणः</u> आगामी आर्थिक वर्षदेखि बैदेशिक रोजगारीमा जान इच्छुक युवाहरूको लागि खैरहनी नगर अस्पतालमा नै पूर्व स्वास्थ्य परीक्षणको सुविधा उपलब्ध गराइनेछ ।

## ङ) उद्योग तथा बाणिज्यः

३७. उद्योगी व्यवसायीहरूको अवस्था, समस्या र सोको समाधानका लागि नगरमा उद्योग व्यवसाय क्षेत्रमा क्रियाशिल संघसंस्थाहरूसँग सहकार्य समन्वय र साझेदारी गरिनेछ ।

३८. करदाता शिक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम सन्चालन गरिनेछ । साथै उत्कृष्ट रोजगारदाता तथा करदाताहरूलाई प्रोत्साहन तथा सम्मान गर्ने कार्यविधि बनाई कार्य अगाडि बढाईनेछ ।

३९. उद्योग कलकारखाना तथा व्यवसायको आर्थिक अवस्थाकोम आधारमा रुग्ण बनाई उद्योग व्यवसाय नवीकरण तथा खारेजीमा तोकिएको दरमा छुट गर्ने व्यवस्था तथा दर्ता प्रक्रियामा नआएका उद्योगी तथा व्यवसायीहरूलाई दर्ता प्रक्रियामा ल्याउन तोकिएको समयावधीभित्र दर्ता गर्नेलाई एकपटक निश्चित छुटको अवसर दिई व्यवसायलाई नगरपालिकामा दर्ता गर्न अभिप्रेरित गरिनेछ साथै दर्ता प्रक्रियामै नआउने व्यवसायीहरूलाई नियमानुसार कारवाही प्रकृया अघि बढाइनेछ ।

४०. उद्योग बाणिज्य क्षेत्रको प्रवर्द्धन र विकासको लागि उद्योग बाणिज्य संघ खैरहनी, चितवन उद्योग संघ इकाई खैरहनी र नेपाल चेम्बर अफ कमर्स खैरहनीसँगको सहकार्यलाई थप प्रभावकारी बनाईनेछ ।

४१. बजार अनुगमन तथा गुणस्तर परीक्षणको कार्यलाई योजनाबद्ध बनाई नियमित र प्रभावकारीरुपले अगाडि बढाईनेछ ।

४२. नगरपालिकामा दर्ता भएका उद्योग तथा व्यवसायहरूको अभिलेख व्यवस्थापन गर्न एकीकृत राजश्व प्रणाली (सुत्र) मा आवद्ध गरी व्यवस्थित बनाईनेछ ।साथै व्यवसाय दर्ताको अभिलेख व्यवस्थापन वडा कार्यालयमा समेत व्यवस्थित गर्दै लगिनेछ ।

४३. उद्योग तथा कलकारखानामा कामगर्ने मजदुर तथा रोजगारदाता बीचको द्वन्द्व व्यवस्थापन तथा उनीहरूको हकहित संरक्षणको लागि आवश्यक समन्वय, सहकार्य र सहजीकरण गरिनेछ ।

४४. व्यवसायको तथ्यांक संकलन तथा दर्ता नवीकरण कार्यका लागि व्यवसाय दर्ता/नवीकरण घुम्ति शिविर तथा अनुगमन कार्यलाई निरन्तरता दिईनेछ ।

## च) पर्यटन तथा संस्कृति प्रवर्द्धन

४५. नगरपालिकाको इतिहास, मौलिक भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनको लागि खैरहनी नगर वाङ्मय परिषद्मार्फत आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४६. खैरहनी नगरपालिकाको दक्षिणी क्षेत्रलाई सौराहाको पर्यटन व्यवसायसँग अन्तर आवद्धता कायम गरी सहलाभको सुनिश्चितता गर्न कार्यक्रमहरू ल्याइनेछ । नगरक्षेत्रभित्रका

पर्यटकीय सम्भावना भएका क्षेत्रहरूको पहिचान र विकास गरी प्रचारप्रसार गरिनेछ ।

४७. नगरपालिकाभित्र बसोबास गर्ने विभिन्न जातजातिको मौलिकता, कला संस्कृति, पहिचान झल्कने श्रोत सामग्रीको प्रदर्शनी (एग्जीभिसन) गर्नुका साथै स्थापना भएका थारु, दराइ, मगर तथा अन्य जातजातिको संग्रहालयको स्तरोन्नति गरी पर्यटकहरूलाई आकर्षित गरिनेछ । होमस्टे (घरबास) को विकासमार्फत ग्रामीण पर्यटनलाई प्रवर्द्धन गरिनेछ । होमस्टे सञ्चालकलाई स्थानीय कला, संस्कृति, भेषभूषा, मौलिकता, परम्परागत पेशा, अर्गानिक तथा घरेलु उत्पादनसँग आवद्ध गरी पर्यटन प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

४८. पर्यटन प्रवर्द्धन कार्यक्रम अन्तर्गत पर्यटन विकासको साथै पर्यटन व्यवसायीहरूलाई सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ । दलित होमस्टे सञ्चालनको कार्यक्रमलाई थप परिमार्जित गरि अगाडि बढाईने छ ।

४९. वडा नंबर ६ र ८ को बीचमा रहेको बुढी राप्ती खोलामा मोटरबोट सञ्चालन गर्न आवश्यक संरचना निर्माणको कार्य भइरहेको छ । आगामी आर्थिक वर्षको अन्त्यसम्ममा सो आयोजना सम्पन्न गरिनेछ ।

५०. कुमरोज सामुदायिक वन, अजिंगरे सामुदायिक वन, चिसापानी सामुदायिक वन तथा खैरहनी नगरपालिका वडा नंबर १० स्थित चन्द्रमा पार्क र देवीस्थान मन्दिरलाई पर्यटकीय क्षेत्रको रुपमा प्रवर्द्धन गरिनेछ । कंकालीकोट साथै कंकाली सामुदायिक वनमा मन्दिर निर्माण, बाटो निर्माण गरी पर्यटक आकर्षित गर्ने खालका कार्यक्रम सञ्चालनका लागि समन्वय गरिनेछ ।

५१. नगरभित्रका कृषि पर्यटनको सम्भावना रहेको क्षेत्रहरूमा कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । पर्यटन क्षेत्रको विकास, पर्यटकीय क्षेत्रको तथ्यांक संकलन, व्यवस्थापन तथा नियमनको लागि पर्यटन प्रवर्द्धन शाखालाई थप ब्यवस्थित बनाई पर्यटन विकास समिति गठन गरी अन्य स्थानीय तहहरूको पर्यटन विकासको अनुभव आदानप्रदानको व्यवस्था गरिनेछ ।

## छ) जलस्रोत, खानेपानी तथा सिँचाइ

५२. नगरभित्रका सबैघरधुरीमा स्वच्छ र गुणस्तरीय खानेपानीको पहुँच हुनेगरी खानेपानी आयोजनाहरू सञ्चालनमा आवश्यक सहयोग गरिनेछ । खानेपानी र सरसफाई क्षेत्रमा दिगो विकास लक्ष्यहरू हासिल गर्नका लागि सङ्घीय तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

५३. स्वच्छ र गुणस्तरीय खानेपानीको पहुँच पुऱ्याउनु एक आर्थिक वर्षभित्र कम्तिमा २ पटक खानेपानीको शुद्धता परीक्षण गरिनेछ ।

५४. जलपर्यटनको सम्भाव्यता रहेका क्षेत्रमा जलस्रोतको उचित व्यवस्थापन हुने योजनालाई प्राथमिकता दिइने छ । जलाशययुक्त खानेपानी आयोजना र भूमिगत जलस्रोतको पुनर्भरणलाई प्राथमिकतामा राखिने छ ।

५५. उपभोक्ताहरूको सह लगानीमा खानेपानी र सरसफाईका आयोजना एकीकृत रुपमा कार्यान्वयन गरिनेछ ।

५६. बढ्दो शहरीकरणसँगै अव्यवस्थित ढल प्रणालीलाई व्यवस्थित गर्न प्राथमिकताका आधारमा ढल निर्माण कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

५७. नगरपालिका अन्तर्गतका जलस्रोत उपभोक्ता समितिलाई नगर जलस्रोत समितिमार्फत दर्ता अनिवार्य गरिनेछ । सतह सिँचाइका योजनाहरूलाई प्राथमिकताका साथ सञ्चालनमा ल्याईनेछ ।

५८. जलवायु परिवर्तन, जलउत्पन्न विपद् तथा नदी कटानका कारण जोखिममा रहेका मानव वस्ती तथा कृषियोग्य जमिनको संरक्षण गर्न तटबन्ध निर्माण कार्यलाई निरन्तरता दिइनेछ। विपद्बाट क्षति पुगेका खानेपानी, सिँचाइ तथा

तटबन्धका संरचनाहरूको मर्मत तथा पुनर्निर्माण कार्य प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

## ज) राजश्वसम्बन्धी नीतिः

५९. महिला उद्यमीको रुपमा रही सञ्चालित व्यवसायलाई व्यवसाय दर्ता शुल्कमा ५० प्रतिशत छुट दिइनेछ। साथै अपाङ्गता भएका व्यक्ति उद्यमीको रुपमा रही सञ्चालित व्यवसायलाई व्यवसाय दर्ता शुल्कमा ५० प्रतिशत छुट दिने नीति लिइनेछ ।

६०. अन्य निकायमा दर्ता भई सञ्चालनमा रहेका तर नगरपालिकामा व्यवसाय दर्ता नभएका व्यवसायहरूलाई आ.व. ०७८/०७९ सम्मको व्यवसाय कर छुट दिई आ.व. ०७९/०८० देखि व्यवसाय कर लाग्ने गरी व्यवसाय दर्ता गर्न प्रोत्साहन गरिनेछ ।

६१. आगामी आर्थिक वर्ष २०८३/०८४ को पुष मसान्तभित्र व्यवसाय कर र सम्पत्ति/मालपोत तथा भूमिकर अग्रीम दाखिला गर्ने करदातालाई लाग्ने करमा १५ प्रतिशत छुट दिने नीतिलाई निरन्तरता दिइनेछ। नागरिकले आफूले तिर्नुपर्ने करको बारेमा पूर्व जानकारी पाउने प्रणालीको विकास गरी राजश्व संकलन कार्यलाई पूर्वानुमानयोग्य बनाउन शुल्कको बारेमा अग्रीम जानकारी उपलब्ध गराउने

व्यवस्था मिलाइनेछ । साथै सेवाग्राहीको सहजताका लागि कर तिर्न विद्युतीय भुक्तानी (इपेमेण्ट) सेवाको स्तरोन्नति गरिनेछ ।

६२. राजस्व संकलन सबल बनाऔं, नगरलाई नमुना बनाऔं।" भन्ने नारासहित करदाता शिक्षा र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । यस्ता किसिमका कार्यक्रममा उद्योग बाणिज्य संघ खैरहनी चितवन, उद्योग संघ खैरहनी ईकाइ र नेपाल चेम्बर अफ कमर्स खैरहनीसँग सहकार्य, समन्वय र साझेदारी गरिनेछ ।

६३. नगरपालिकाका विभिन्न विधामा कर तिर्ने ठुला करदाताहरूलाई सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

**सामाजिक विकास**

**शिक्षा, युवा तथा खेलकूद**

**शिक्षा विकास**

६४. विद्यालय जाने उमेरका पूर्व प्राथमिक तहका बालबालिकालाई अनिवार्य रुपमा विद्यालय शिक्षामा समावेश गरिनेछ । आधारभूत तहमा अध्ययनरत बालबालिकालाई तह पुरा गराउने गरी अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६५. फरक क्षमता भएका बालबालिकालाई विद्यालय शिक्षामा नियमित गराउने कार्यक्रम सञ्चालन गरिनेछ । विद्यार्थीले

विद्यालयको पठन पाठनमा विताउने समय वृद्धि हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

६६. विद्यालयमा विद्यार्थीको नियमितता कायम गर्न, छात्राको उपस्थिति वृद्धि गर्न, तथा कक्षा छाडने र दोहोर्याउने दरमा कमी ल्याउने गरी सङ्घीय सरकारबाट प्राप्त हुन आएको दिवाखाजाको कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक वितरण, छात्रवृत्ति वितरणको कार्यक्रम तथा सेनेटरीप्याड वितरणको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६७. नगरपालिकाभित्रको सामुदायिक क्याम्पसमा स्नातक तहमा अध्ययनरत थारु, दलित, अपाङ्ग, अल्पसंख्यक तथा अति विपन्न परिवार भित्रका आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूलाई स्नातक तहसम्मको अध्ययन पूरा गर्न उच्च शिक्षा छात्रवृत्ति वितरणको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६८. संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई विद्यालयबाट उपलब्ध गराउने न्यूनतम १० प्रतिशत छात्रवृत्ति सुनिश्चित गरिनेछ । कक्षा ११ मा भर्ना हुने विद्यार्थीका लागि नगरपालिका र विद्यालयबाट पाँच/पाँच प्रतिशत छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६९. शिक्षकहरूका लागि नवीनतम प्रविधिको प्रयोग संगै कृत्रिम बौद्धिकता (ए.आइ.) सहयोगसहित शिक्षण सिकाइ सुधार कार्यक्रम, विषयगत शिक्षक तालिम, पाठ्क्रम प्रवोधिकरण र आइ.इ.एम्.आइ.एस्. सँग सम्बन्धित तालिम कार्यक्रम सञ्चालन गरी क्षमता अभिबृद्धि गरिनेछ ।

७०. खैरहनी नगरपालिकामा स्थापित वाङ्मय परिषदलाई साहित्य क्षेत्रको उत्थानमा अग्रणी कार्य गर्नेगरी अगाडि बढाइनेछ । पठन संस्कृतिको विकासका लागि सबै वडामा पुस्तकालय स्थापनाको कार्यलाई अगाडि बढाइनेछ ।

७१. खैरहनी नगरपालिका भित्र स्थायी वसोवास भई नगरपालिक भित्रका विद्यालयमा अध्ययनरत आर्थिक अवस्था कमजोर भएर अध्ययनमा समस्या परेका विद्यार्थीहरूका लागि आवासीय सुविधासहित अध्ययन गर्न मिल्ने गरी छात्रावास निर्माण गरिनेछ ।

७२. शिक्षक इन्सेन्टिभ (१०-४) कार्यक्रम अन्तर्गत आफूले अध्यापन गर्ने विषयमा विद्यार्थीले प्राप्त गरेको समग्र विषयगत नतिजामा उच्चतम अङ्क (जिपिए) कायम गराउन सफल शिक्षकलाई कार्यविधिको आधारमा "क" र "ख" वर्गमा विभाजन गरी पुरस्कृत गरिनेछ । बालविकास सहजकर्ता र विद्यालय कर्मचारीलाई दिइदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ ।

७३. सामुदायिक विद्यालयको पूर्व प्राथमिक र प्राथमिक तहमा विद्यार्थी संख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक तहमा विद्यार्थी संख्या तथा विषयगत आधारमा शिक्षक नपुग हुनेदेखिएमा र लामो अवधिको विदा लिएका शिक्षकको सट्टामा युवा स्वयंसेवक शिक्षक व्यवस्थापन गरी विद्यालयको पठन पाठनलाई नियमित गरिनेछ ।

७४. ६ बजेदेखि ६ बजेसम्म (सिक्स टू सिक्स) कार्यक्रम अन्तर्गत शैक्षिक उपलब्धि कम भएका विषयको पहिचान गरी कक्षा ८ र १० मा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीहरूका लागि सञ्चालनमा रहेको अतिरिक्त कक्षा सञ्चालनको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७५. आधारभूत तह कक्षा १देखि ५सम्म अध्ययनरत दलित, लक्षित वर्ग, सीमान्तकृत समूह तथा अतिविपन्न परिवारका विद्यार्थीहरूको अध्ययन क्षमता बढाउन र सिकाई उपलब्धी अभिवृद्धि गर्न विद्यालय समयको अतिरिक्त समयमा कक्षा सञ्चालन हुनेगरी गृहकार्य कक्षा सञ्चालनको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७६. एस.इ.इ. उत्तीर्ण गरेका तर कमजोर आर्थिक अवस्थाका कारण विज्ञान विषय पढ्न रुचि भएपनि पढ्न नसक्ने विद्यार्थीहरूका लागि नगरपालिकाको अनुदानमा खैरहनी

माध्यमिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्यापन गराउँदै आएको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७७. भौतिक अवस्था कमजोर भएका विद्यालयका भवन र कक्षाकोठा निर्माण एवम् मर्मत, खानेपानी, शौचालय, कम्पाउण्डवाल र फर्निचर नपुग भएका विद्यालय, आइ.सि.टी. को कार्यक्रम, विज्ञान प्रयोगशाला र पुस्तकालयको कार्यक्रम तथा स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ । विद्यालयलको पूर्वाधार विकासमा बालमैत्री र अपाङ्गमैत्री संरचना निर्माण कार्यलाई प्राथमिकतामा राखिनेछ ।

७८. नगर शिक्षा योजना निर्माण गरी कार्यान्वयन गरिनेछ । एस.इ.इ. उत्तीर्ण विद्यार्थीहरूका लागि वृतिमार्ग निर्देशनसम्बन्धी कार्यक्रमलाई अगाडि बढाइनेछ ।

७९. विद्यालय हाताभित्र र बाहिर धूम्रपान, मद्यपान र सुर्तिजन्य पदार्थको विक्री वितरणमा रोक लगाइनेछ । जङ्कफुडको प्रयोगलाई निरुत्साहित गरिनेछ । स्थानीय स्तरमा उत्पादित कोदो, फापर, गहुँ र चामलबाट बनेका खाद्य पदार्थसहित दूध, दही, मोहीजस्ता दुग्धजन्य पदार्थ

विक्रिवितरण र प्रयोगमा प्रोत्साहित गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## युवा तथा खेलकूद विकास

८०. समाज विकास र रुपान्तरण हुने कार्यक्रममा युवाहरूलाई परिचालन गरिनेछ ।

८१. खेल र खेलाडीको प्रतिभालाई विकास हुने गरी राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, मेयरकप फुटवल प्रतियोगिता तथा विद्यालयस्तरीय अतिरिक्त क्रियाकलापको कार्यक्रमहरू सञ्चालन गरिनेछ । क्रिकेट खेललाई अगाडि बढाउने गरी कार्यक्रम सञ्चालन गरिनेछ । उत्कृष्ट खेलाडी सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८२. जनप्रतिनिधि र कर्मचारीबीच सञ्चालन हुदै आएको खेलकूद प्रतियोगिता तथा शिक्षकहरूको मैत्रीपूर्ण भलिवल प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

८३. जिल्ला, प्रदेश र राष्ट्रिय स्तरमा सञ्चालन हुने प्रतियोगितामा सहभागी हुने खेलाडीको छनोट र सहभागिताका सम्बन्धमा नगर खेलकूद समितिलाई जिम्मेवार बनाईनेछ । खेल प्रतियोगितामा सहभागी खेलाडीहरूलाई बीमाको व्यवस्था मिलाइनेछ ।

८४. कभर्डहल निर्माणको कार्य सम्पन्न गरिनेछ । नागरिकको स्वास्थ्यलाई मध्येनजर गरी नगरपालिकाको विभिन्न

स्थानमा खूला व्यायामशाला (ओपन जीम) स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**स्वास्थ्य**

८५. सबै नगरबासीको प्रतिकारात्मक, प्रवर्धनात्मक तथा उपचारात्मक स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच अभिवृद्धि गरी महामारीको रोकथाम, नियन्त्रण र उपचारको पूर्व तयारीसहित आधारभुत तथा निःशुल्क स्वास्थ्य सेवाको लागि औषधी, उपकरण, पूर्वाधार र आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ ।

८६. जेष्ठ नागरिकको स्वास्थ्य सेवामा पहुचँलाई वृहत्तर विकास गर्नका लागि बा-आमा स्वास्थ्य कार्यक्रम लाई समयसापेक्ष हुनेगरी सुधार र परिष्कृत सेवाहरू थप गरि निरन्तरता दिईनेछ। मातृ शिशु स्वास्थ्य सेवालाई थप प्रोत्साहित गर्ने गरी उप-मेयर गर्भवती तथा सुत्केरी स्याहार कार्यक्रम लाई आवश्यकता बमोजिम विस्तार गरिनेछ ।

८७. जेष्ठ नागरिक, गर्भवती, सुत्केरी तथा अति विपन्न नागरिकलाई तोकिएको स्थानसम्म उपचार लिन जाँदा एम्बुलेन्स भाडामा सहुलियतको व्यवस्था गर्ने नीतिलाई निरन्तरता दिइनेछ । नगरबासीलाई उपचारमा आवश्यक पर्ने रगत विरामीले निःशुल्क प्राप्त गर्न सक्नेगरी सञ्चालित कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८८. वैदेशिक रोजगारी वा अध्ययनमा जाने युवा लक्षित कार्यक्रमको रुपमा "निःशुल्क प्रि-मेडिकल स्वास्थ्य परीक्षण कार्यक्रम" सुरुवात गरिनेछ । नगरवासीको निधन भई परिवारजनको प्रतिक्षा गर्नुपर्ने अवस्थामा शवलाई जोगाई राख्नको लागि "शव फ्रीजर" सञ्चालनको व्यवस्था गरिनेछ ।

८९. आधारभुत स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी तथा अस्पतालको सेवालाई जनसंख्या, भूगोल, सेवा उपभोगको लागि लाग्ने समय र दूरीसमेतको मूल्याङ्कनको आधारमा न्यूनतम सेवा मापदण्ड लागू गरी पूर्वाधार विकास, दरबन्दी व्यवस्थापन र सेवा विस्तार वा संस्था मर्जरको रणनीति लागू गरिनेछ।

९०. नगरपालिकामार्फत अति विपन्न तथा कुपोषित बालबालिकाको "दैनिक एक गिलास दुध, एक अण्डा" को अवधारणा बमोजिम सञ्चालित "विपन्न बालबालिका पोषण कार्यक्रम" लाई बालमैत्री स्थानीय शासन, बहुक्षेत्रीय पोषण योजना तथा पोषणमैत्री स्थानीय शासन प्रवर्द्धनको सुचकाङ्कसँग आवद्ध हुनेगरी कार्यान्वयन गर्न आवश्यक प्रबन्ध गरी पोषण विशेष कार्यक्रम र पोषण संवेदनशील कार्यक्रम सञ्चालन गरिनेछ ।

९१. स्वास्थ्य बीमामा आधारित सेवा उपभोगलाई प्रवर्द्धन गर्न विपन्न परिवार स्वास्थ्य बीमा कार्यक्रमलाई आवश्यक कानूनी सहजतासहित विस्तार गरिनेछ । स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई जिम्मेवारी निर्वाहको समयमा हुन सक्ने स्वास्थ्य संकट व्यवस्थापनका लागि स्वास्थ्य बीमामा आधारित कार्यक्रममा सहभागी गराई प्रोत्साहित गर्ने नीति लिईनेछ ।

९२. निर्माणको अन्तिम चरणमा रहेको खैरहनी नगर अस्पताल र कुमरोज स्वास्थ्य चौकीको भवन यसै आ.वमा सम्पन्न गरी सञ्चालनमा ल्याईनेछ । खैरहनी नगर अस्पतालबाट २४ सै घण्टा आकस्मिक (इमर्जेन्सी) सेवा, डेन्टल सेवासहित विशेषज्ञ सेवा विस्तार गर्दै लगिनेछ । आधुनिक चिकित्सा प्रणालीसँगै आयुर्वेद, योग तथा प्राकृतिक चिकित्सा सेवालाई वडा तहमा विस्तार गरिनेछ ।

९३. नगरपालिकाले अतिविपन्न बिरामीलाई प्रदान गर्ने आर्थिक सहयोगलाई व्यवस्थित गरिनेछ । एच्.आई.भी. संक्रमितसहित जटिल एवं दीर्घ रोगीहरूलाई प्रदान गरिएको यातायात तथा उपचार खर्चको दायरा वृद्दि गरि थारु समुदायमादेखिने थालेसेमिया रोगको नियमित उपचार गर्नुपर्ने बिरामीहरूको लागि नगरपालिकाबाट आवश्यक सहयोग उपलब्ध गराईनेछ ।

९४. सबै नीतिमा स्वास्थ्य नीति तथा एक स्वास्थ्य नीतिको अवधारणा अवलम्बन गरी रोगहरूको नियन्त्रण तथा रोकथाम, वातावरण, सरसफाई, कृषि, पशुपन्छी, वन्यजन्तु, लागू पदार्थ ओसारपसार, लैगिंक हिंसा जस्ता विषयबाट मानव स्वास्थ्यमा पार्ने जोखिम न्युनीकरणका लागि सरोकारवालाहरूको सहकार्यमा एकीकृत कार्यक्रम तयार गरी लागू गरिनेछ । स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापनका लागि समन्वय, सहजीकरण र पूर्वाधार साझेदारीको व्यवस्था मिलाईनेछ ।

९५. स्वास्थ्य सचेतनासम्बन्धी कृयाकलापको पहुँच वृद्धि गर्न विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सबै सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालन गरिनेछ । प्रदेश सरकारसँगको समन्वयमा एक विद्यालय एक नर्स कार्यक्रम लाई निरन्तरता दिने र सबै सामुदायिक विद्यालयमा विद्यालय नर्स कार्यक्रमलाई विस्तार गर्ने नीति लिईनेछ।

९६. आधुनिक चिकित्सा एवं प्रविधिमैत्री हुनेगरी स्वास्थ्यकर्मी, कर्मचारी र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता अभिवृद्धि गर्दै लगिनेछ। महिला स्वास्थ्य स्वयंसेविकालाई नगरपालिकाबाट उपलब्ध गराउँदै आएको थप मासिक यातायात खर्चलाई निरन्तरता दिईनेछ । उत्कृष्ट कार्यसम्पादन गर्ने स्वास्थ्यकर्मीलाई कार्य

सम्पादनका आधारमा तालिममा मनोनयन, पुरस्कार एवं प्रोत्साहनको व्यवस्था गरिनेछ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

९७. लैङ्गिक हिंसा न्यूनीकरणका लागि विभिन्न समुदायिक संस्थाहरूसँग समन्वय र सहकार्य गरी समुदायस्तरमा लैङ्गिक हिंसा बिरुद्ध सचेतना अभियान सञ्चालन गरिनेछ।

९८. खैरहनी नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त वडा तथा नगर घोषणा गरिनेछ।

९९. जेष्ठ नागरिकको हक अधिकार र सम्मानका लागि मौलिक ज्ञान र सीपको अन्तरपुस्ता हस्तान्तरणको वातावरण सृजना गरिनेछ । जेष्ठ नागरिक परिचयपत्र वितरण र अभिलेखीकरणको कार्यक्रमलाई थप व्यवस्थित बनाईनेछ।

१००. महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका, दलितलगायतका विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसको अवसर पारेर जागरणमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०१. अपाङ्गता भएका नागरिकलाई सम्मानपूर्ण र आत्मनिर्भर जीवनयापनको सुनिश्चितता गर्न नगरपालिकाभित्रका भौतिक संरचनालाई अपाङ्गतामैत्री बनाउँदै मागमा आधारित

आयमूलक र उद्यमशीलतासम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०२. नगरस्तरीय जेष्ठनागरिक मञ्च, बालसमूहहरू, जनप्रतिनिधि तथा आमा समूहको क्षमता अभिवृद्धिको अभियान सञ्चालन गरी सामाजिक पूँजीको परिचालन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

## सामाजिक सुरक्षा तथा संरक्षण

१०३. सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरूले सहज तरिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने गरी बैंकहरूसँग समन्वय र सहकार्य गरिनेछ ।

१०४. सामाजिक न्याय आवश्यक पर्ने सबैलाई समावेशिताका आधारमा सेवा तथा सुविधाहरू प्रदान गरिनेछ ।

## भूमि व्यवस्था

१०५. भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको जग्गा नाप नक्साको हालसम्म भएको कार्यको अभिलेखीकरण गरिनेछ भने भूमि समस्या समाधान आयोगसँगको सहकार्यमा नापजाँचको कार्य अघि बढाइनेछ।

१०६. नगर विकास योजनाअन्तर्गत रही भूमि वर्गीकरणको कार्य आ.व. २०८२/८३ मा सम्पन्न गरिनेछ ।

१०७. भू-उपयोग नक्सांकन गरी उपयुक्त भौगोलिक बनोटसमेतलाई ध्यानदिई पूर्वाधार तथा संरचनाहरूको विकास गरिनेछ ।

## पूर्वाधार विकास

## भौतिक पूर्वाधार शाखा

१०८. देशव्यापी रुपमा गत भाद्र २३ र २४ मा भएको प्रर्दशनको क्रममा भएको अकल्पनीय क्षति, पश्चिम एसियामा विकसित संकटका कारण पेट्रोलियम पदार्थमा भएको अत्यधिक मूल्यवृद्धि, निर्माण सामग्रीको उपलव्धतामा कमी तथा चर्को मूल्यवृद्धिका कारण पूजींगत खर्चमा अपेक्षा गरेबमोजिम प्रगति हुन नसकेको भएतापनि जेनजी आन्दोलनको क्रममा नगरपालिकामा भएको अकल्पनीय तथा अत्यन्त पीडादायी क्षतिको पुर्नर्निमाण र पुनर्स्थापनाको काम सम्पन्न भएको छ । सबै वडा कार्यालयहरू र प्रमुख प्रशासकीय भवनबाट पूर्ववत् रूपमा नियमित र प्रभावकारी सेवाप्रवाहको काम शुरू भईसकेको छ ।

१०९. आगामी आर्थिक वर्ष चैनपूर चोकको प्रवेशद्वार निर्माण, पम्फाखोलामा निर्माणाधीन व्यारेजसमेतका आयोजनाहरू

सम्पन्न गरी धार्मिक तथा पर्यटन प्रवर्द्धनसँग ती आयोजनाहरूलाई जोडी मोटरबोट, जलाशयमा हुने खेलहरू एवम् लिफ्ट सिँचाइसमेत सञ्चालन हुनेगरी कार्यक्रम अघि बढाइनेछ ।

११०. आगामी आर्थिक वर्ष स्वीमिङपुललगायत विभिन्न खेलहरूसहितको बालबालिका मनोरञ्जन स्थलको रुपमा निर्माणाधीन वालउद्धानको निर्माण कार्य सम्पन्न गरी निजी तथा सामुदायिक विद्यालयहरूसँग सहकार्य गरी आन्तरिक आय बृद्धि हुनेगरी सञ्चालनमा ल्याइनेछ।

१११. वडा नंबर ६ मा निर्माणाधीन कभर्डहल निर्माण सम्पन्न गरी जिल्लास्तरीय मेयर कप सञ्चालन गरिनेछ ।

११३. आगामी आर्थिक वर्ष वडा नंबर २ बिन्दवासिनी चोकदेखि वडा नंबर ४ को कार्यालयसम्म दुवै तर्फ नालासहितको सडक स्तरोन्नति गर्ने कार्य, वडा नंबर १२ सिसनी चोकदेखि कुमरोजहुँदै वडा नंबर १३ को सीमानासम्म सडक स्तरोन्नति, वडा नंबर १२ को सीमाना धरमपुरदेखि गवै, हात्तीकाउन्टरहुँदै हर्नरीसम्मको सडक स्तरोन्नति गर्ने कार्य सम्पन्न गरिनेछ।

११४. वडा नंबर १ मेरिगोल्ड चोकदेखि कंकाली स्कूलसम्म नाला निर्माण, मेरिगोल्ड चोकदेखि आस्था फाउण्डेशनसम्म दुवैतर्फ नाला निर्माणसहित सडक निर्माण, ज्यामिरे चोक

दक्षिण तर्फ नालामा ढक्कन निर्माणसहित सडक स्तरोन्नति, सिमलघारी जाने बाटो स्तरोन्नति, अन्नपूर्ण पोल्ट्रिफर्म छेउको बाटो स्तरोन्नति, वडा नंबर ५ वडा कार्यालयदेखि काठेपुलसम्म नालासहित र काठेपुलदेखि ज्यामिरेचोकसम्मको सडक स्तरोन्नति, बुढौली चोकदेखि खैरहनी नगर सीमानासम्म नाला ढक्कनसहित सडक पेटी ढलान, पुरानो पर्सा पुलदेखि लाल्टिन बजारसम्म फुटपाथसहित, वडा नंबर ७ सुल्तना ढुङ्ग्रे खोलाहुँदै पाँचमुहाने चोकहुँदै वडा नंबर १० सीमानासम्म सडक स्तरोन्नति, वडा नंबर ८ होलिल्याण्ड सडकहुँदै मगनी घोलसम्म फुटपाथ, प्राणनाथ तेल मिलहुँदै चक्रेश्वर मन्दिरसम्म फुटपाथ निर्माण, वडा नंबर ९ पिपरादेखि राप्ती सीमानासम्म दुवैतर्फ नाला निर्माण, बैरहनी गाउँमा दुवैतर्फ नाला मर्मतसहित सडक स्तरोन्नति, वडा नंबर १० शान्ति बजारदेखि ढुङ्गेखोलासम्म ढक्कनसहित सडक स्तरोन्नति, कठार बजारदेखि वडा नंबर ११ सीमानासम्म सडक स्तरोन्नति, कठार मा.वि.देखि मुसहर बस्तीसम्म कालोपत्रे सडक निर्माण, वडा नंबर ११ देखि राप्ती ड्याकसम्म सडक स्तरोन्नति गर्ने कार्य आगामी आर्थिक वर्ष सम्पन्न गरिनेछ।

११५. वडा नंबर ८ मगनि गाउँदेखि वडा नंबर ३ धुसरीहुँदै पुलसम्म दुवैतर्फ नालासहित सडक स्तरोन्नति वडा नंबर

३ होलील्याण्ड स्कूलदेखि लदरी पुलसम्म दुवैतर्फ नालासहित सडक स्तरोन्नति गर्ने कार्य सम्पन्न गरिनेछ।

११६. वडा नंबर ८ मिलिजुलि टोलमा सडक कालोपत्रे, वडा नंबर ७ कतारी टोलमा सडक कालोपत्रे गर्ने कार्य सम्पन्न गरिनेछ।

११७. वडा नंबर ५ विश्वबिजयमार्ग सडक कालोपत्रे निर्माण सम्पन्न गरिनेछ।

११८. वडा नंबर ६ स्वर्णतारा क्लब (पुरानो राजमार्ग) देखि वडा नंबर ७ को सीमानासम्म नाला र वाल निर्माणसहित सडक स्तरोन्नति गर्ने कार्य सम्पन्न गरिनेछ।

११९. वडा नंबर १२ मा निर्माणाधीन स्वास्थ चौकी भवनको निर्माणसम्पन्न गरी सोही भवनबाट सेवाप्रवाह सञ्चालनमा ल्याईनेछ।

१२०. स्थानीय सरकार अन्तर्गत सरकारी भवनहरूको बीमा गर्ने नीति अवलम्बन गरिनेछ।

१२१. प्राथमिकताको आधारमा स्थानीय लोकमार्ग, स्थानीय सडक विकास, विस्तार र स्तरोन्नति गरिनेछ।

१२२. पुरानो मर्मतसम्भार पश्चात मात्र नयाँ निर्माण भन्ने नाराको साथ सडक,  कुलो, कल्भर्ट, नदी तटबन्धनको मर्मत संभार गरिनेछ।

१२३. सडक सौन्दर्यीकरणको लागि मुख्य सडक आसपास फलफूल तथा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।

१२४. अत्यावश्यकबाहेक नाला निर्माण कार्यलाई निरुत्साहित गर्दै वर्षातको पानीलाई जमिनमा पुनर्भरण गर्ने कार्य सुरुवात गरिनेछ।

१२५. ढुङ्ग्रे खोला, मगनी घोल, लदरी, कयरजस्ता खोलाहरूमा ड्याक निर्माण गरी पर्यटनमैत्री साईकल लेनसहितको करिडोर निर्माण गर्ने नीति लिइनेछ।

१२६. सुरक्षित तथा गुणस्तरीय खानेपानी सेवामा नागरिकको पहुँच विस्तार गरी "एक घर एक धारा" कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ। जलाधार तथा मुहान संरक्षणलाई जलवायु अनुकूलन प्रविधिसँग आवद्ध गर्न प्रदेश सरकारसँग समन्वय सहकार्य गर्ने नीति लिइनेछ।

१२७. खानेपानी महशुलमा अनुदान दिने नीति अवलम्बन गरिनेछ ।

## भवन आवास तथा शहरी विकास

१२८. राष्ट्रिय भवन संहिताको अनिवार्य कार्यान्वयन गर्दै सबै नयाँ भौतिक संरचना निर्माणमा भूकम्प प्रतिरोधी, अग्नि सुरक्षा र आधुनिक पूर्वाधार मापदण्ड लागू गरिनेछ ।

१२९. अति गरीब, दलित, सीमान्तकृत, भूमिहीन, असहाय, सुकुम्वासी तथा अव्यवस्थित बसोबासी, विपन्न तथा विपद् प्रभावित

समुदायको समस्या समाधानका लागि जनता आवास कार्यक्रममार्फत प्रदेश सरकारको सहकार्यमा सुरक्षित आवास निर्माण गरिनेछ ।

१३०. घर नक्सापास सम्पन्न भएका अभिलेखलाई व्यवस्थित गर्न विद्यूतीय अभिलेखीकरण प्रणाली (फाइल डिजिटाइजेसन) तथा नयाँ घर/भवन/भौतिक संरचनाहरूको नक्सापास प्रक्रियालाई प्रभावकारी विद्यूतीय प्रणालीमार्फत व्यवस्थित गरिनेछ ।

१३१. निर्माण हुने घर/भवन/भौतिक संरचनाहरूको नयाँ नक्सापास गर्दा अनिवार्य रुपमा जिपिएस (ग्लोबल पोजिसनिङ सिस्टम) गुगल कोअर्डिनेट लोकेसनबाट लोकेसन ट्र्याकगरी उक्त नक्साको लोकेसन प्लानमा राख्ने प्रक्रियालाई निरन्तरता दिईनेछ ।

१३२. निर्माण हुने घर/भवन/भौतिक संरचनाहरूको नक्सापास गर्दा अनिवार्य रुपमा निर्माण सम्पन्न प्रमाण पत्रमा क्यू.आर. कोड राखी उक्त कोडबाट सम्पूर्ण जानकारी पाउने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१३३. नगरपालिकामा रजिस्ट्रेसन गरिएका निर्माणकर्मी, निर्माण व्यवसायी तथा परामर्शदाता/कन्सल्टेन्सिहरूलाई व्यवस्थित, मर्यादित र कानूनी प्रक्रियामा ल्याउन घर/भवन

तथा भौतिक संरचनासम्बन्धी आवश्यक तालिमको व्यवस्था मिलाईनेछ ।

१३४. खैरहनी नगरपालिका क्षेत्रभित्र निर्माण हुने सरकारी/ सामुदायिक/ औद्योगिक/ व्यावसायिक/ आवासीय/ व्यक्तिगत घर/ भवन तथा भौतिक संरचनाहरूको बीमा गर्नुपर्ने नीति अवलम्बन गरिनेछ ।

१३५. खैरहनी नगरपालिकाभित्र सबै तहका सरकारहरूले वार्षिक कार्यक्रमअन्तर्गत निर्माण हुने भवनहरू निर्माण गर्नुपूर्व भवन संहितानुसार नक्सा पास गर्ने कार्य अनिवार्य गर्ने नीति अवलम्बन गरिनेछ।

१३६. थारु समुदाय बस्ती विकास कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

## वन वातावरण, विपद् व्यवस्थापन र सरसफाई

## वातावरण संरक्षण

१३८. ठूला पूर्वाधारका योजना सञ्चालन गर्दा वातावरण संरक्षणसम्बन्धी कानूनहरूको अवलम्बन गरिने छ ।

१३९. नगरपालिका क्षेत्रभित्र बग्ने खोलाहरूबाट कटान हुने अवस्था अत्यधिक रहेकोले खोला कटानलाई नियन्त्रण गर्नको लागि  तटबन्ध लगायतका कार्यलाई निरन्तरता दिइने छ ।

१४०. नगरपालिकाको विभिन्न वडाहरूको खोला र कुलोमा लाईनिग, बैंक प्रोटेक्सन, ड्यक निर्माण तथा सरसफाई कार्यलाई प्राथमिकतासाथ अघि बढाइनेछ ।

१४१. नगरपालिका क्षेत्रभित्रको वातावरण गुणस्तर सूचक (खानेपानी, वायुस्तर, ध्वनीस्तरको) मापन गर्ने व्यवस्था मिलाइनेछ ।

१४२. नगरपालिका क्षेत्रभित्र हुने विपद्को घटनाको ८०% कारक जलवायु परिवर्तन भएकाले, खैरहनी नगरपालिका क्षेत्रका जलवायु अनुकुलन पद्धतिको अभ्यास गरिनेछ ।

१४३. मानव र वन्यजन्तु बीचको सम्बन्धमा समायानकूल सुधारका लागि आवश्यक पूर्वाधार निर्माण गर्न प्रदेश तथा सङ्घीय सरकारसँग समन्वय गरिनेछ ।वन्यजन्तु र मानिसको अनधिकृत ओहरदोहरलाई नियन्त्रण गर्न आवश्यक समन्वय गरी वन सीमानामा कंक्रिट वाल तथा तारजाली लगाइनेछ ।

१४४. खैरहनी नगरपालिका भएर बग्ने बिभिन्न खोलाहरूमा खोला सौन्दर्यीकरण तथा हरियाली प्रवर्द्धनका लागि आवश्यक विरुवा रोप्ने तथा सरसफाई गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**विपद् तथा प्रकोप व्यवस्थापन**

१४५. आगलागी नियन्त्रणको लागि सेवा प्रदान गरिरहेको बारुणयन्त्र सञ्चालन र व्यवस्थापनमा नागरिकको सहज पहुँचमा लैजाने कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

१४६. विपद् र प्रकोप पीडितहरूका लागि उद्धार हेतु दिईँदै आएको राहत र सहयोगलाई निरन्तरता दिइने छ ।

१४७. नगरपालिका क्षेत्रभित्र हुने विपद्जन्य घटनालाई सक्दो छिटो न्यूनीकरण तथा रेस्पोन्स गर्नको लागि स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र (एल.इ.ओ.सी) थप प्रभावकारी बनाइनेछ ।

१४८. विपद् व्यवस्थापनका लागि सवै वडाहरूमा रहेको केही खुल्ला सार्वजनिक स्थलहरूको थप पहिचान गरिने छ ।

१४९. वातावरण तथा विपद् व्यवस्थापनका लागि आवश्यक निर्देशिका बनाई वातावरण तथा विपद् व्यवस्थापन कोषलाई थप व्यवस्थित गरी परिचालन गरिने छ ।

१५०. खैरहनी नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई हरेक योजनासँग जोडेर मुलप्रवाहीकरण गरिने छ ।

१५१. खैरहनी नगरपालिकाको विपद् जोखिम पहिचान, नक्साकन र जोखिमको विश्लेषणसहितको विपद् सूचना व्यवस्थापन प्रणाली (विपद् पोर्टल) लाई थप प्रभावकारी गरिनेछ ।

१५२. विपद् र विकासमा युवा परिचालनको नीति लिइनेछ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि सबै वडाहरूमा युवा स्वयम् सेवकहरू परिचालन तथा व्यवस्थापन गर्न कार्यदल गठन गरिनेछ ।

**ग) फोहोरमैला व्यवस्थापन तथा सरसफाई**

१५३. नगरपालिकाको सुन्दरता र वातावरणी स्वच्छताका लागि फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाईने छ । फोहोरलाई स्रोतमा वर्गीकरण गर्ने, प्राङ्गारिक मल बनाउने जस्ता नवीनतम प्रविधिलाई आत्मसात गरिनेछ ।

१५४. नगरपालिका क्षेत्रभित्रको वडाहरूमा घर भित्रको फोहोर व्यवस्थापन अन्तरगत छुट्टाछुट्टै जैविक/ अजैविक गरी वर्गीकरण गर्न लगाउने, फोहोर न्यूनीकरण, जैविक फोहोरबाट कम्पोष्ट मल बनाउने कार्य गर्नका लागि डस्टबिन बितरणको कार्यलाई प्राथमकिता दिइनेछ।

१५५. नगरपालिका क्षेत्रको मुख्य बजारक्षेत्रहरूमा फोहोरमैला व्यवस्थापन र विशेष सरसफाईलाई ध्यानमा राखी दैनिक सरसफाई अभियानलाई प्रभावकारी बनाईनेछ ।

१५६. खैरहनी नगरपालिकाभित्र प्लाष्टिकजन्य वस्तुको प्रयोगमा न्यूनीकरण ल्याउनको लागि थप कदम चालिनेछ ।

१५७. अस्थाई फोहरमैला व्यवस्थापन स्थलगौचरण जाने मार्ग ९० मि. ढलान गर्ने कार्य सम्पन्न गरिनेछ।

## सुशासन, पारदर्शिता तथा संथागत विकास

## सूचना प्रविधि

१५८. नगरपालिका र वडा कार्यालयले प्रदान गर्ने सेवा, सुविधा, परामर्शहरू सूचना प्रविधिको माध्यमबाट जनसमुदाय/सेवाग्राही समक्ष पु-याउनको लागि नगरपालिकालगायत सम्पूर्ण वडा कार्यालयमा डिजिटल बोर्डको व्यवस्थापन गरिनेछ ।

१५९. नगरपालिका भित्रका सम्पूर्ण विद्यालयहरूलाई सूचना प्रविधिमैत्री बनाउन आवश्यक पहल गरिनेछ ।

१६०. खैरहनी नगरपालिकाको स्थानीय प्रशासन तथा प्रहरी प्रशासनलाई नियमन गर्न सहयोगको लागि नगरक्षेत्रमा सुरक्षाका दृष्टिकोणले संवेदनशील स्थानहरूमा थप सिसि क्यामरा जडान कार्यलाई निरन्तरता दिईनेछ ।

१६१. तथ्यांक भण्डारको लागि राष्ट्रिय तथ्यांक प्रोफाइलमा नियमित अद्यावधिक गरिनेछ ।

१६२. नगरपालिका/वडा कार्यालय/स्वास्थ्य क्षेत्रबाट हुने सेवा प्रवाहलाई थप सरल र गुणस्तरीय बनाउनको लागि प्रविधि मैत्री तालिम तथा सूचना प्रविधिमा जोड दिइनेछ ।

१६३. स्थानीय शासनलाई डिजिटल रूपान्तरण गर्दै समुचित शहरी योजना, सेवा प्रवाह र नागरिक अभिलेखीकरणलाई सुदृढ

बनाउन सबै घरधुरीमा QR कोडसहितको युनिक घर नम्बर प्रदान गरिने कार्य सुचारु गरिनेछ।

१६४. सम्भाव्यताको आधारमा उपयुक्त स्थानहरूको छनोट गरि सम्बन्धित निकायको समन्वयमा फ्रि वाइफाइ जोनको व्यवस्था गरिनेछ ।

१६५. खैरहनी नगरपालिकाभित्र रहेका प्राविधिक शिक्षालयसँग समन्वय गरी विद्यूतीय शासन प्रवर्द्धनको कार्य सञ्चालन गरिनेछ । नगरपालिकाको मोबाईल एपलाई थप परिस्कृत र अद्यावधिक गरिने छ ।

## सुशासन र संस्थागत क्षमता विकास

१६६. यसै नगर सभामा नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका सबै वडा कार्यालयहरू, नगर अस्पताल, वडा कार्यालयहरू तथा स्वास्थ्य संस्थाहरूको संगठन तथा व्यवस्थापन (ओ एण्ड एम्) सर्वेक्षण स्वीकृतिको लागि पेश हुनेछ । उक्त सर्वेक्षण पश्चात सबै कार्यालयहरूका आवश्यकताबमोजिमका दरबन्दी स्वीकृत भई पदपूर्तिको बाटो खुला हुनेछ र सेवाप्रवाह मितव्ययी, व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

१६७. भ्रष्टाचार र अनियमितताका सम्बन्धमा शून्य सहनशिलताको नीति अवलम्बन गरिने छ। पारदर्शिता र

जवाफदेहिताका औजारहरूको प्रभावकारी प्रयोग गर्दै नगरबासीलाई सुशासनको सुखानुभुति प्रदान गरिनेछ ।

१६८. कृत्रिम वौद्धिकता, क्लाउड कम्प्युटिङ, ब्लकचेन प्रविधि र रोबोटिक्सजस्ता आधुनिक प्रविधिको सदुपयोग गर्दै सार्वजनिक सेवा प्रवाहलाई नागरिक अपेक्षा केन्द्रित, सहज र गुणस्तरीय बनाइनेछ ।

१६९. नगरपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवालाई एकीकृत स्वचालित प्रणालीमा आवद्ध गरी विद्युतीय शासन (इ गभर्नेन्स) र न्युन कागज प्रयोग (लेस पेपर गभर्नेन्स) विधि अवलम्बन गर्दै डिजिटल नगरपालिकामा रुपान्तरण गरिनेछ।

१७०. कार्यसम्पादनमा आधारित थप मौद्रिक तथा गैर मौद्रिक प्रोत्साहन प्रणालीको अवलम्बन गर्दै कर्मचारीहरूको मनोबल र उत्प्रेरणा बढाउन प्रभावकारी र भरपर्दो व्यवस्था गरिनेछ । कार्यसम्पादनको आधारमा कर्मचारीहरूलाई पुरस्कृत र प्रोत्साहित गरिनेछ ।

१७१. नगरपालिकाबाट सम्पादन हुने कार्यक्रम तथा आर्थिक कारोबारको मासिक रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाईने छ ।

१७२. नगरभित्रका तथ्यांकहरू व्यवस्थित गर्न तथ्यांक उपशाखालाई थप व्यवस्थित गरिनेछ ।

१७३. सेवाग्राहीलाई सहजताका लागि अधिकतम सेवाहरू वडा कार्यालयबाट नै प्रवाह गर्ने व्यवस्था मिलाईनेछ । वडाबाट प्रवाह हुने सेवालाई क्रमशः विस्तार गर्दै लगिनेछ ।

१७४. नगरपालिकाको आधिकारिक वेवसाइट तथा सामाजिक सञ्जालका प्लेटफर्महरू न्यूनदृष्टि भएका तथा दृष्टिबिहीन नागरिकको पहुँचमा पुर्‍याउनको लागि आगामी आर्थिक वर्ष उल्लिखित प्लेटफर्महरूमा दृष्टिबिहीनका लागि अडियो असिष्टेण्ट मेकानिजम उपलब्ध गराईनेछ । जसको सहायताले सबै दृष्टिबिहिन नागरिकहरूले नगरपालिकाका सूचनाहरू अडियो माध्यमबाट श्रवण गर्न सक्नेछन् ।

## न्याय तथा मेलमिलाप

१७४. न्यायमा पहुँच अभिबृद्धिका लागि विद्यालय तहमा कानूनी साक्षरता र समुदाय स्तरमा कानूनी घुम्ति शिविर सञ्चालन गरिनेछ ।

१७५. मेलमिलाप कार्यसम्पादन प्रभावकारिताका लागि मेलमिलापकर्ताको क्षमता अभिबृद्धिलाई जोड दिइनेछ ।

१७६. विपन्न तथा सीमान्तकृत समुदायलक्षित न्यायिक तथा कानूनी परामर्श सेवालाई निरन्तरता दिइनेछ ।

१७७. वडा मेलमिलाप केन्द्रलाई थप व्यवस्थित, प्रभावकारी र समुदायको पहुँचमा जोड दिइनेछ ।

१७८. स्थानीय विवाद न्यूनीकरणका लागि नगरपालिका क्षेत्रभित्रका सरोकारवाला निकायसँगको समन्वय, सहयोग र सहकार्यलाई जोड दिइनेछ ।

अन्त्यमा

प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न सहयोग र सल्लाह प्रदान गर्नुहुने खैरहनी निवासी आम नागरिक, जनप्रतिनिधि तथा कर्मचारी, सञ्चारकर्मी मित्रहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

मिति २०८३।०३।१०

(शशी कुमार खनिया)

नगर प्रमुख

*कृषि, उद्योग, पर्यटन र पूर्वाधार, खैरहनी नगर विकासको मुल आधार*

# खैरहनी नगरपालिकाको नगरसभाको

१९ औं अधिवेशनमा नगर उपप्रमुख श्री कविता उप्रेतीले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८३।८४ को

# बजेट वक्तव्य



**"कृषि, उद्योग, पर्यटन र पूर्वाधार, खैरहनी नगर विकासको मूल आधार"**

खैरहनी नगरपालिकाको नगरसभाको

१९ औं अधिवेशनमा नगर उपप्रमुख श्री कविता उप्रेतिले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम

खैरहनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

खैरहनी, चितवन

**गरिमामय नगर सभाका सभाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, नगरसभा सदस्यज्यूहरू,**

**कर्मचारी साथीहरू, सञ्चारकर्मी मित्रहरूमा**

**मेरो व्यक्तिगत तर्फबाट तथा खैरहनी नगरपालिका परिवारको तर्फबाट हार्दिक स्वागत अभिवादन व्यक्त गर्न चाहन्छु ।**

१. खैरहनी नगरपालिकाको गरिमामय नगरसभाको १९औं अधिवेशनमा नगरपालिकाको उपप्रमुखको रूपमा आगामी आर्थिक वर्ष २०८३/८४ को राजश्व, आय र व्यय अनुमानसहितको बजेट वक्तव्य प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महशुस गरेकोछु ।

२. नेपालको लोकतान्त्रिक आन्दोलन, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागिसमेत गत वर्ष भदौ महिनामा भएको युवा पुस्ताहरूको आन्दोलनलगायत विभिन्न कालखण्डमा प्रजातन्त्र, नागरिक स्वतन्त्रता, जनजिविकाका सबालमा भएका आन्दोलनहरूमा सहादत प्राप्त गर्नुहुने सबै ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

३. २०८२ साल भदौ २३ र २४ गते न्याय र रूपान्तरणका लागि भएको 'जेनजी आन्दोलन' का सहिदहरूको सपना र प्राप्त

उपलब्धिलाई संस्थागत गर्न हामी प्रतिवद्ध छौं। मुलुकलाई यहाँसम्म ल्याइपुऱ्याउने ऐतिहासिक आन्दोलनहरूको नेतृत्वकर्ता र लोकतन्त्रका अग्रजहरू प्रति उच्च सम्मान प्रकट गर्दछु।

४. खैरहनी नगरपालिकाको स्थापना र संस्थागत सुदृढीकरणको लागि योगदान गर्ने सबैलाई नगरपालिकाको तर्फबाट धन्यवाद व्यक्त गर्दछु।

५. नागरिकका बहुआयामिक विकासका आवश्यकता र आकांक्षाहरूलाई सम्बोधन गर्दै उपलब्ध स्रोत र साधनको दिगो एवं सन्तुलित उपयोगमार्फत विकास प्रक्रियालाई गति दिनु आजको मुख्य आवश्यकता हो।

६. आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट आर्थिक क्षेत्रमा विद्यमान चुनौतीहरूको दृढतापूर्वक सामना गर्ने र उपलब्ध अवसरहरूको कुशल उपयोग गर्ने दिशामा केन्द्रित रहनेछ ।

७. नगरपालिकाको बजेटको ठूलो हिस्सा सङ्घीय र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानमा आधारित रहेको परिप्रेक्ष्यमा, आगामी आर्थिक वर्षका लागि प्राप्त बजेट सीमा कटौती भई

अनुदानको आकार खुम्चिएकाले बजेट तर्जुमामा केही जटिलता अवश्य थपिएको छ।

८. उपलब्ध सीमित स्रोत र साधनको अधिकतम एवं विवेकपूर्ण उपयोग गरी सम्पूर्ण नगरवासीको जीवन सहज बनाउने, उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, रोजगारी तथा स्वरोजगारका नवीन अवसरहरू सिर्जना गर्ने र शिथिल आर्थिक अवस्थाको पुनरुत्थान गर्दै समृद्धिको यात्रालाई निरन्तरता दिने सङ्कल्पका साथ यो बजेट तर्जुमा गरिएको छ।

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०८३/८४ को आय र व्ययको प्रस्तावित बजेट तयार गर्दा लिइएका आधारहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

९. यो बजेट निर्माण गर्दा नेपालको संविधान तथा नेपालको संविधानका अनुसूची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरू, मौलिक हकहरू, राज्यका निर्देशक सिद्धान्त र नीतिहरू, संङ्घीय सरकारले अङ्गीकार गरेको सोह्रौं आवधिक योजनाले निर्धारण गरेको लक्ष्य र नीतिहरू, दिगो विकासका लक्ष्यहरू, नेपाल सरकारको आर्थिक वर्ष २०८३/८४ को बजेट, नीति तथा कार्यक्रम,

बागमती प्रदेश सरकारको दोश्रो आवधिक योजना, बागमती प्रदेशको आर्थिक वर्ष २०८३/८४ को बजेट, नीति तथा कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का विभिन्न प्रावधानहरू, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८, संङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशनहरू, माननीय सांसदज्यूहरू, विभिन्न राजनीतिक दलहरू तथा सर्वसाधारणबाट प्राप्त सुझावहरू, विगत वर्षहरूमा सम्पन्न भएका नगर सभाहरूबाट पारित भएका निर्णयहरू, स्थानीय राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति तथा विषयगत समितिहरूबाट प्राप्त राय सल्लाह र सुझावहरू, खैरहनी नगरपालिकाको आर्थिक सर्वेक्षण, २०८२/८३, महालेखा परीक्षकको लेखा परीक्षण प्रतिवेदन, लैङ्गीक परीक्षण, सामाजिक परीक्षण लगायत विभिन्न प्रतिवेदनमा प्राप्त सुझावहरूलाई आधार लिइएको छ ।

**सभाअध्यक्षज्यू,**

**अब म आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका ५ उद्देश्य तथा ५ प्राथमिकता ५ रणनीति र रुपान्तरणका क्षेत्रहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१०. आगामी आर्थिक वर्षको बजेटका उद्देश्यहरू निम्नानुसार रहेका छन्ः

क. उपलब्ध स्रोत, साधन, अवसर र क्षमताको विवेकपूर्ण परिचालन गरी गुणस्तरीय, वातावरण-मैत्री, दिगो र तीव्रतर पूर्वाधार विकास गर्ने।

ख. सूचना प्रविधिको उच्चतम् उपयोगमार्फत रोजगारीका अवसरहरू सिर्जना गर्दै आर्थिक, सामाजिक एवं लैङ्गिक असमानता र गरिबी न्यूनीकरण गर्ने।

ग. सामाजिक-आर्थिक रूपान्तरण र जलवायु परिवर्तन अनुकूलन पद्धतिको अवलम्बनमार्फत स्थानीय अर्थतन्त्रलाई उत्थानशील, समुन्नत र स्वाधीन बनाउने।

घ. चक्रिय र हरित अर्थतन्त्रमा आधारित जीवन पद्धतिलाई प्रोत्साहन गर्दै संरचनागत सुधार र बहुक्षेत्रीय सहकार्यमार्फत विपद् व्यवस्थापनलाई वस्तुनिष्ठ एवं प्रभावकारी बनाउने।

ङ. आधुनिक प्रविधिको सदुपयोग गर्दै सार्वजनिक सेवा प्रवाहलाई नागरिकको अपेक्षा अनुरूप सहज, सुलभ र गुणस्तरीय बनाउने

तथा पारदर्शिता र जवाफदेहिताका औजारहरूको प्रभावकारी प्रयोग गरी नगरवासीलाई सुशासनको सुखानुभूति प्रदान गर्ने।

११. आगामी आर्थिक वर्षको बजेटका ५ मुख्य प्राथमिकताहरू देहाय बमोजिम रहेका छन्ः

क. पूर्वाधार निर्माण, कृषिको आधुनिकीकरण, सूचना प्रविधि, पर्यटन तथा उद्यमशीलताको विकास,

ख. स्थानीय स्तरमा स्वरोजगार र रोजगारी सिर्जना केन्द्रित कार्यक्रमहरूको प्रवर्द्धन,

ग. शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी तथा सरसफाई लगायतका सामाजिक क्षेत्रको गुणात्मक विकास,

घ. बहुक्षेत्रीय सहकार्य, सार्वजनिक जवाफदेहिता र समन्वयका माध्यमबाट सुशासन प्रवर्द्धन,

ङ. विपद्जन्य जोखिम न्यूनीकरण, जलवायु उत्थानशीलता तथा सार्वजनिक सेवा प्रवाहमा नवप्रवर्तन र सुधार।

१२. बजेटको सबल कार्यान्यवनको लागि निरन्तर संस्थागत क्षमता विकास, संरचनागत र प्रणालीगत सुधार, बहुक्षेत्र सहकार्य र समन्वय, नागरिक संलग्नतमा सार्वजनिक नीतिको

सह-निर्माण र सेवाको सह-उत्पादन गरी मुख्य ५ रणनीतिको अबलम्बन गरीने छ ।

१३. पूर्वाधार विकाससँगै गुणस्तरीय शिक्षा र स्वास्थ्यमा पहुँच, कृषि तथा पशुपालनको प्रवर्धन र उद्यमशीलता विकास, पर्यटन प्रवर्द्धन, नवीन प्रविधिको उपयोगसँगै रोजगारी सिर्जनालाई खैरहनी नगरपालिकाको सर्वाङ्गिण विकासको रुपान्तरणकारी क्षेत्रका रुपमा अगाडि बढाइनेछ ।

**सभाध्यक्षज्यू,**

**अब म खैरहनी नगरपालिकाको चालु आर्थिक वर्ष २०८२।८३ को जेठ मसान्त सम्म प्राप्त मुख्य मुख्य उपलब्धी प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१४. कृषि क्षेत्रको व्यवसायीकरण र उत्पादकत्व वृद्धिका लागि चालू आर्थिक वर्षमा ४६.५ हेक्टर थप कृषि जमिनमा सिँचाइ सुविधा विस्तार गरिएको छ। स्थानीय किसानहरूलाई लक्षित गरी ३२ हजार किलोभन्दा बढी उन्नत धानको बीउ वितरण गरिनुका साथै मकै उत्पादन प्रवर्द्धनका लागि विशेष मकै पकेट कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ।

१५. दिगो कृषि र पर्यावरण संरक्षणका लागि ३५ मेट्रिक टन कम्पोष्ट मल उत्पादन गर्ने उद्देश्यले स्थानीय सामुदायिक वनहरूसँग रणनीतिक सहकार्य सुरु गरिएको छ। साथै, दुग्ध व्यवसायलाई प्रोत्साहन गर्न नगरभित्रका २१ वटा दुग्ध सहकारी संस्थाहरूमार्फत कुल रू. १ करोड ६६ लाख ९८ हजार अनुदान रकम सिधै कृषकहरूमाझ वितरण गरिएको छ।

१६. पशुस्वास्थ्य सुरक्षा र महामारी नियन्त्रणका लागि ७० हजारभन्दा बढी पशु-चौपायालाई खोरेत, चरचरेजस्ता विभिन्न सङ्क्रामक रोग विरुद्धको खोप सेवा प्रदान गरिएको छ। यसका साथै खैरहनी नगरपालिका वडा नंबर ६ मा नयाँ पशु उपचार कक्ष स्थापना गरिएको छ भने पशुको नश्ल सुधार गरी उत्पादन बढाउन १५ हजार ५ सय १० वटा गाईभैंसीमा कृत्रिम गर्भाधान कार्य सम्पन्न भएको छ।

१७. नगरस्तरीय यातायात सञ्जाललाई व्यवस्थित बनाउन १३ वटै वडामा सडक पूर्वाधार स्तरोन्नति गरिएको छ। जस अन्तर्गत कुल ६.८ किलोमिटर सडक आरसीसी ढलान, १.८ किलोमिटर ओभरले प्रविधिको कालोपत्रे, ४.६ किलोमिटर

उच्चस्तरीय ग्राभेल र जल निकासका लागि ६.५ किलोमिटर पक्की नाला निर्माण कार्य पूर्ण रूपमा सम्पन्न भएको छ।

१८. २०८२ सालको जेन-जी आन्दोलनको क्रममा ठुलो भौतिक क्षति बेहोरेको नगरपालिकाको मुख्य प्रशासनिक भवन, सभा हल तथा १३ वटा वडा कार्यालयहरूको पूर्ण संरचनात्मक मर्मत र पुनर्निर्माण कार्य सम्पन्न गरी सेवा प्रवाहलाई पूर्ववत् रूपमा सुचारु र सुरक्षित बनाइएको छ।

१९. मुख्य बजार तथा आसपासका क्षेत्रहरूमा नियमित सरसफाइ र हरित नगर अभियान अन्तर्गत वृक्षारोपण योजना सञ्चालन गरिएको छ।

२०. नगरपालिकाको पहिचान र पर्यटन प्रवर्द्धन गर्ने रणनीतिक गौरवका आयोजना अन्तर्गत 'चैनपुर गेट' निर्माण कार्यको ८५ प्रतिशत भौतिक प्रगति हासिल भएको छ। यसका साथै पम्फा खोला ब्यारेज निर्माण कार्य तीव्र गतिमा अघि बढाइएको छ भने ३० प्रतिशत भौतिक प्रगतिसहित पानीजन्य खेलहरू समेत खेल्न मिल्ने आधुनिक बालउद्यान को निर्माण कार्य अगाडि बढाइएको छ।

२१. भू-उपयोग नीति र योजनाबद्ध सहरीकरणलाई कार्यान्वयन गर्न नगरको भूमि वर्गीकरणको लगत सङ्कलन कार्य सफलतापूर्वक सम्पन्न गरिएको छ।

२२. नागरिकको स्वास्थ्यमा सहज पहुँच पुऱ्याउन १५ शैयाको खैरहनी नगर अस्पताल भवन निर्माण कार्यलाई अन्तिम चरणमा पुऱ्याइएको छ। स्वास्थ्य क्षेत्रकै नवीन कार्यक्रम अन्तर्गत 'बा आमा स्वास्थ्य कार्यक्रम' मार्फत ग्रामीण क्षेत्रका ५ हजार १ सय ६२ जना ज्येष्ठ नागरिकको घरमै पुगेर स्वास्थ्य परीक्षण गरिएको छ भने ५ सय ७६ जना किशोरीलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको एच.पी.भी. खोप प्रदान गरिएको छ।

२३. चालु आर्थिक वर्ष को जेठ मसान्तसम्म जम्मा १ लाख १७ हजार १ सय ८५ जनालाई स्वास्थ्य संस्था मार्फत उपचार तथा परामर्श सेवा प्रदान गरिएको छ । यस अवधिमा निजी स्वास्थ्य संस्थाबाट सेवा लिने बिरामीको संख्या १३ हजार ९ सय ३१ जनालाई सेवा प्रदान भएको छ । यस अवधिसम्म ४ हजार १ सय ५२ जना गर्भवती महिला तथा बालबालिकाहरुलाई खोप सेवा प्रदान गरिएको छ । किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सरबाट ५ सय ७६

जनालाई HPV खोप प्रदान गरिएको छ । नगरपालिकाको पूर्ण खोपको अवस्थाको दिगोपना कायम गरी नगरपालिकालाई पूर्ण खोप नगरपालिका घोषणा गरिएको छ ।

२४. चालु आर्थिक वर्ष को जेठ मसान्तसम्म जम्मा १ लाख १७ हजार १ सय ८५ जनालाई स्वास्थ्य संस्था मार्फत उपचार तथा परामर्श सेवा प्रदान गरिएको छ । यस अवधिमा निजी स्वास्थ्य संस्थाबाट सेवा लिने बिरामीको संख्या १३ हजार ९ सय ३१ जनालाई सेवा प्रदान भएको छ । यस अवधिसम्म ४ हजार १ सय ५२ जना गर्भवती महिला तथा बालबालिकाहरुलाई खोप सेवा प्रदान गरिएको छ । किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सरबाट ५ सय ७६ जनालाई HPV खोप प्रदान गरिएको छ । नगरपालिकाको पूर्ण खोपको अवस्थाको दिगोपना कायम गरी नगरपालिकालाई पूर्ण खोप नगरपालिका घोषणा गरिएको छ ।

२५. सामुदायिक शिक्षाको गुणस्तर र विद्यालय व्यवस्थापनमा सुधार ल्याउन नगरका २५ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूसँग नतिजामुखी ५ वर्षे कार्यसम्पादन करार

सम्झौता गरिएको छ। विद्यार्थीहरूको नियमितताका लागि ३ हजार ७ सय बालबालिकालाई दिवाखाजाको व्यवस्था गरिएको छ भने श्री आधारभूत विद्यालय, पिद्रहनीमा अत्याधुनिक विद्यूतीय पुस्तकालय (इ-लाइब्रेरी) तथा आइसिटी ल्याब स्थापना गरिएको छ।

२६. खैरहनीलाई बालमैत्री नगर बनाउने लक्ष्यसहित 'बालमैत्री स्थानीय शासन' घोषणाका लागि आवश्यक नीतिगत र संस्थागत संरचना तयार गरी १३ वटै वडामा विभिन्न सूचकहरूको सघन अनुगमन सुरु गरिएको छ। सामाजिक संरक्षण अन्तर्गत २ हजार ८५ ज्येष्ठ नागरिक र ७ सय १९ अपाङ्गता भएका व्यक्तिहरूलाई परिचय पत्र तथा आवश्यक सहयोगी सामग्री (ह्विलचेयर, वैशाखी आदि) वितरण गरिएको छ।

२७. स्थानीय स्तरमै रोजगारी सिर्जना गर्न रोजगार कार्यक्रममार्फत सूचिकृत बेरोजगारहरूलाई समेटी नियमित बजार सरसफाइ र वृक्षारोपणसम्बन्धी आयोजना सञ्चालन गरिएको छ। साथै लक्षित वर्गको गरिबी निवारण र स्वरोजगारका लागि ४६ जनालाई उद्यमशीलता, २१ जनालाई आधुनिक प्रविधि प्रयोग

सम्बन्धी ड्रोन सीप र २० जनालाई फोटो ग्राफिक्स सम्बन्धी व्यावसायिक तालिम प्रदान गरिएको छ।

२८. मनसुन तथा जलवायुजन्य जोखिम न्यूनीकरण एवं नदी कटान नियन्त्रणका लागि नगरभित्रका लदरी, पम्फा र ढुङ्ग्रेलगायतका जोखिमयुक्त खोलाहरूमा कुल ७ सय मिटर पक्की स्पर र ग्याबियन तटबन्ध निर्माण सम्पन्न गरिएको छ। साथै आपतकालीन सूचना र उद्धार कार्यलाई प्रभावकारी बनाउन 'स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र' (एल.इ.ओ.सी.) को भौतिक तथा प्राविधिक क्षमता विस्तार गरिएको छ।

२९. वित्तीय अनुशासन, पारदर्शिता र संस्थागत विकासमा महत्त्वपूर्ण फड्को मार्दै स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा) र वित्तीय सुशासन जोखिम मूल्याङ्कन (एफ.आर.ए.) मा उत्कृष्ट अङ्क प्राप्त गरी खैरहनी नगरपालिका देशभरकै पालिकाहरूमध्ये दोस्रो स्थान हासिल गर्न सफल भएको छ। यस्तै स्थानीय विवाद निरूपणतर्फ न्यायिक समितिमा दर्ता भएका उजुरीहरूमध्ये ९१ वटा विवादलाई मेलमिलाप नीतिमार्फत दुवै पक्षको सहमतिमा फछ्र्यौट गरिएको छ।

**सभाध्यक्षज्यू,**

अब म विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

३०. नगरपालिकालाई विभिन्न स्रोतहरुबाट प्राप्त हुने अनुदान तथा राजस्व रकममा कमी आएकोले बजेटको आकार अपेक्षित रुपमा बढ्न सकेको छैन्। चालु आर्थिक वर्षमा जस्तै आगामी आर्थिक वर्षको लागि पनि वडाहरूलाई कुल १७ करोड २६ लाख बजेट बिनियोजन गरीएकोमा सो रकम मध्ये ८ करोड ६३ लाख सबै वडालाई समान रुपमा बिभाजन गरी प्रत्येक वडालाई ६६ लाख ३८ हजार ४६१, बाँकी ८ करोड ६३ लाखलाई जनसंख्या तर्फ ४० प्रतिशत, भूगोललाई ४० प्रतिशत, पिछडिएको क्षेत्रलाई १० प्रतिशत र राजस्व योगदानलाई १० प्रतिशत भार दिई बजेट बिनियोजन गरिएको छ। यसरी बजेट बिनियोजन गर्दा सबैभन्दा बढी रकम बिनियोजन हुने वडामा १ करोड ६३ लाख ६९ हजार र सबैभन्दा कम रकम बिनियोजन हुने वडामा १ करोड १२ लाख २८ हजार बिनियोजन भएको छ ।

३१. आर्थिक विकास क्षेत्र तर्फ कुल विकास बजेटको ६ दशमलव ५२ प्रतिशत, सामाजिक विकास तर्फ ३४ दशमलव ३१ प्रतिशत, पूर्वाधार विकास तर्फ ४३ दशमलव ५९ प्रतिशत, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ १३ दशमलव

६२ प्रतिशत, सुशासन तथा संस्थागत विकास तर्फ १ दशमलव ९६ प्रतिशत बिनियोजन गरिएकोछ ।

३२. २०८३ जेष्ठ मसान्त सम्मको चालु खर्च रकम रू ३४ करोड ७४ लाख ११ हजार रहेकोछ, जुन अनुमानित रकमको ७१ दशमलव ०२ प्रतिशत रहेकोछ। पुँजीगत बजेट खर्च रकम रू२८ करोड ९१ लाख ९८ हजार रहेको छ, जुन अनुमानित रकमको ५० दशमलव ८५ प्रतिशत रहेको छ ।

३३. जेनी जी आन्दोलन, विश्व आर्थिक मन्दीका कारण देशको वर्तमान आर्थिक अवस्थामा श्रोत साधनमा आएको संकुचनले गर्दा सीमित स्रोतसाधनलाई सन्तुलित रुपमा व्यवस्थापन गर्नुपर्ने चुनौती एकातर्फ छ भने अर्कोतर्फ विकास निर्माणमा बढ्दो जन अपेक्षालाई सम्बोधन गर्ने जटिलता हामी माझ विद्यमान छ । यद्यपी नगरवासीहरूको हित, सुविधा र विकासका अपेक्षाहरूलाई समेट्ने गरी कृषि, शिक्षा, स्वास्थ्य, सामाजिक विकास एवं पूर्वाधार निर्माण तथा श्रोत परिचालन सम्बन्धमा केही अनुभूति योग्य कार्य गर्ने प्रयास गरिएको छ ।

**सभाध्यक्षज्यू,**

अब म आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट तयार गर्दा प्राथमिकताका आधारमा विनियोजन गरिएको केही क्षेत्रगत कार्यक्रम र त्यस्ता कार्यक्रम सञ्चालन गर्न बिनियोजित बजेट प्रस्तुत गर्दछु

## कृषि तथा सहकारी

३४. कृषकहरूको माग र वास्तविक आवश्यकतामा आधारित सिँचाइ सुविधा विस्तार गर्न "किसान, तपाईंलाई के चाहिन्छ?" कार्यक्रम तथा खाद्य सुरक्षाको लागि बोरिङ निर्माण तथा कुलो मर्मत कार्यका लागि रू. १ करोड ६३ लाख विनियोजन गरेकोछु। साना कृषि मेसिनरी उपकरणका लागि रू. १० लाख, खाद्यान्न बालीको उन्नत बीउका लागि रू. १५ लाख ७५ हजार तथा ७५ प्रतिशत अनुदानमा कृषि चुन वितरणका लागि रू. १२ लाख बजेट विनियोजन गरिएको छ।

३५. माटो प्रयोगशाला सञ्चालन, गँड्यौला मल प्रवर्द्धन र सामुदायिक वनसँग मिलेर प्राङ्गारिक मल उत्पादन गरिनेछ भने कृषकहरूलाई स्वस्थ उत्पादनतर्फ आकर्षित गर्न जैविक

विषादी तथा सामग्रीमा सहुलियत दिन रू. १० लाख बजेट विनियोजन गरेकोछु।

३६. भूमिहीन कृषकलाई जग्गा भाडा अनुदान, वैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित कार्यक्रम, वडा नंबर १ मा लहरे बाली प्रवर्द्धन, तथा विपन्न परिवारको पोषण र आयआर्जनका लागि करेसाबारी, मौरीपालन र रैथाने बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

३७. रोग-किरा न्यूनीकरणका लागि वडा स्तरीय कृषि तालिम र आइ.पि.एम. कृषक पाठशाला सञ्चालन, फलफूलका बिरुवा वितरण, विषादी एवं बीउ-बिजन पसलहरूको नियमित अनुगमन र समग्र कृषि विकासका लागि कुल रू. ३ करोड १२ लाख बजेट विनियोजन गरिएको छ।

३८. उत्पादित सामग्रीको बजार पहुँच वृद्धि, कृषि सहकारीहरूसँगको समन्वयमा कृषि उपज बजार प्रवर्द्धन तथा सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि, सुशासन र नियमित अनुगमनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

३९. विशेष अनुदान अन्तर्गत हस्तान्तरित कार्यक्रम खाद्य संकट न्यूनीकरणका लागि  जनकपूर, सुल्ताना, जनएकता कंकाली, मझुई सिँचाइ कुलो निर्माण आयोजनाको लागि रू. १ करोड ३३ लाख बजेट व्यवस्था गरेकोछु ।

## पशु विकास

४०. कृषकहरूलाई उत्पादनको विधामा सिधै प्रोत्साहन दिन बागमती प्रदेश सरकारको नगद अनुदानबाट रू. १ करोड ४० लाख र खैरहनी नगरपालिकाको आन्तरिक स्रोतबाट प्रति लिटर दुधमा अनुदानका लागि रू. २५ लाख गरी कुल रू. १ करोड ६५ लाख बजेट विनियोजन गरेकोछु।

४१. दुग्धजन्य पदार्थको विविधीकरण र मूल्य वृद्धिका लागि रू. १५ लाख र वडा नंबर २ मा बंगुर पालन प्रवर्द्धनका लागि प्रदेश सरकारको नगद अनुदान मार्फत रू. १० लाख गरी कुल रू. २५ लाख सुनिश्चित गरेकोछु।

४२. व्यावसायिक फार्महरूको आधुनिकीकरण र पशु स्वास्थ्य अनुकुलनका लागि काउ म्याटखरिद र वितरण कार्यका लागि कुल रू. १२ लाख बजेट विनियोजन गरेकोछु।

४३. स्वास्थ्य सेवातर्फ औषधी तथा खोप खरिद र प्राविधिक शुल्कका लागि रू. १० लाख व्यवस्था गरेकोछु।

४४. कृषकहरूलाई प्रत्यक्ष प्रविधि र स्रोत हस्तान्तरण गर्न उन्नत घाँसको बीउ वितरण, छोरी पशुधन कार्यक्रम, तरल नाइट्रोजन खरिद र पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर जस्ता उत्पादकत्व बढाउने कार्यक्रमहरूका लागि आवश्यक बजेट विनियोजन गरेकोछु।

४५. आकस्मिक पशु रोग नियन्त्रणका लागि महामारी कोष (पशु मैत्री विपद तयारी), पशुजन्य सामग्री खरिद, कृत्रिम गर्भाधान मिसन, सिमेन रिवल्बिंग कोष, रेबिज नियन्त्रण, आकस्मिक रोग नियन्त्रण तथा नाहिस रिपोर्टिङ र कार्यक्रम अनुगमन एवं मूल्यांकनका लागि आवश्यक बजेट व्यवस्था गरेकोछु।

४६. समग्रमा यस खैरहनी नगरपालिकाको पशुपालन क्षेत्रको विकास र कृषकको जीवनस्तर उकास्न रू. २ करोड ४३ लाख विनियोजन गरेकोछु।

## उद्योग व्यवसाय, रोजगार तथा उद्यम शाखा

४७. नगरभित्र आन्तरिक रोजगारी सिर्जना गरी न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्द्धन र पुनः एकीकरण सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्न बजेट विनियोजन गरेकोछु।

४८. स्थानीय स्तरमा सीपमूलक क्षमता र उद्यमशीलताको विकासका लागि उद्यम विकास कार्यक्रम तथा नगरबाट विभिन्न शीर्षकका तालिमहरू सञ्चालन गर्न बजेट विनियोजन गरेकोछु।

४९. नगरवासीहरूमा वित्तीय सचेतना जगाउन, सुरक्षित रेमिटयान्सको परिचालन गर्न डिजिटल बैंकिङ, सुरक्षित विप्रेषणको उपयोग र उद्यमशीलता कर्जा सम्बन्धी वित्तीय साक्षरता कार्यक्रमहरूका लागि बजेट विनियोजन गरेकोछु।

५०. स्थानीय व्यापार व्यवसायलाई व्यवस्थित र कानुनसम्मत बनाउन व्यवसाय दर्ता नवीकरण सम्बन्धी घुम्ती शिविर, उद्योग तथा व्यवसाय दर्ता एवम् सूचीकरण अभिमुखीकरण र अनुगमनका कार्यक्रमहरूका लागि बजेट विनियोजन गरेकोछु। उद्योग व्यवसाय, रोजगार तथा उद्यम शाखाको लागि रू. ४३ लाख विनियोजन गरेकोछु।

**पर्यटन विकासः**

५१. ढुङ्ग्रे खोला, मगनी घोल, लदरी, कयरजस्ता खोलाहरूमा ड्याक निर्माण गरी पर्यटनमैत्री साईकल लेनसहितको करिडोर निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेकोछु।

५२. आगामी आर्थिक वर्ष चैनपूर चोकको प्रवेशद्वार निर्माण, पम्फाखोलामा निर्माणाधीन व्यारेजसमेतका आयोजनाहरू सम्पन्न गरी धार्मिक तथा पर्यटन प्रवर्द्धनसँग ती आयोजनाहरूलाई जोडी मोटरबोट, जलाशयमा हुने खेलहरू एवम् लिफ्ट सिंचाइसमेत सञ्चालन हुनेगरी कार्यक्रम अघि बढाउन आवश्यक बजेट व्यवस्थापन गरेकोछु।

## शिक्षा, युवा तथा खेलकूद

५३. खैरहनी नगरपालिकालाई उत्कृष्ट शैक्षिक केन्द्र बनाउन, सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न, स्वयंसेवक शिक्षक व्यवस्थापन गर्न, र बालविकास केन्द्रका सहजकर्ता एवं विद्यालय सहयोगी कर्मचारीको मनोबल उच्च राख्न आवश्यक बजेट व्यवस्था गरेकोछु।

५४. विद्यालयहरूको भौतिक सुदृढीकरण, कक्षाकोठा मर्मत, खानेपानी र फर्निचर खरिदका लागि रू. २० लाख, खैरहनी माध्यमिक विद्यालयमा विज्ञान सङ्काय सञ्चालनका लागि रू.

३५ लाख र खैरहनी नगरपालिकामा आवासीय छात्रवास निर्माणका लागि रू. १५ लाख बजेट प्रस्ताव गरेकोछु।

५५. विद्यार्थीहरूको नतिजा सुधार्न ६ बजेदेखि ६ बजेसम्म (सिक्स टू सिक्स) अतिरिक्त कक्षा, छात्रवृत्ति, र शिक्षकहरूका लागि सूचना प्रविधि एवं पाठ्यक्रम प्रबोधीकरण तालिमका साथै अतिरिक्त क्रियाकलाप, अटिजम भएका बालबालिकाको व्यवस्थापन र वडा स्तरमा लाइब्रेरी स्थापना गरिनेछ।

५६. आधुनिक प्रविधि र नवप्रवर्तन चाहने युवा पुस्ता (जेनजी) को आकांक्षालाई कदर गर्दै उद्यमशीलता र डिजिटल सिकाईमा जोड दिइनेछ भने युवाहरूको शारीरिक-मानसिक विकासका लागि खेल मैदान स्तरोन्नति र खेलाडी बीमाको प्रबन्ध मिलाइनेछ।

५७. युवा प्रतिभा पहिचानका लागि राष्ट्रपति रनिङ शिल्ड, मेयरकप फुटबल, भलिबल, एथलेटिक्स, क्रिकेट, कराँते र ब्याडमिन्टन प्रतियोगिता सञ्चालनका साथै नगर खेलकुद विकास समितिका लागि नगरपालिकाको स्रोतबाट शिक्षा, युवा तथा खेलकुद क्षेत्रमा कुल रू. ३ करोड ५० लाख बजेट विनियोजन गरेकोछु।

५८. सङ्घीय सरकारको सशर्त अनुदानतर्फ शिक्षक-कर्मचारी तलब, दिवाखाजा र पाठ्यपुस्तक, स्यानिटरी प्याड, छात्रवृत्ति एवं पूर्वाधार विकाससहित कूल रू. २० करोड ७६ लाख ६८ हजार विनियोजन गरेकोछु ।

**स्वास्थ्य सेवा**

५९. निःशुल्क औषधी खरिद गरी स्वास्थ्य संस्थाहरु मार्फत वितरण गर्नका लागि जम्मा रकम रु ३३ लाख ६५ हजार विनियोजन गरिएको छ ।

६०. विपन्न परिवारका बालबालिकाको लागि एक गिलास दुध एक अन्डा अनुदानका लागि पोषण भत्ता वितरण, पोषण मैत्री स्थानिय शासन कार्यक्रम तथा विविध पोषण कार्यक्रम सञ्चालन गर्नका लागि गर्न कुल रकम रू. २२ लाख २४ हजार रकम विनियोजन गरिएको छ ।

६१. विपन्न नागरिक, मिर्गौला रोग, कलेजो सिरोसिस बिरामी, महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई स्वास्थ्य बिमा कार्यक्रममा आवद्धता वृद्धि गर्नका लागि नयाँ लाभग्राही तथा विशेष अवस्थामा नवीकरण समेत गर्ने गरी जम्मा रकम रू. ६ लाख विनियोजन गरिएको छ ।

६२. बा आमा स्वास्थ्य कार्यक्रमलाई थप विस्तारित सेवा सहित निरन्तरता प्रदान गरी निरन्तरता दिन गरि जम्मा रकम रु ५ लाख विनियोजन गरिएको छ।

६३. सङ्घीय सरकार सगंको समन्वयमा मातृ तथा नवजात शिशु कार्यक्रम तथा तथा उप प्रमुखसंग गर्भवती तथा सुत्केरी स्याहार कार्यक्रम अन्तरगत २४ घन्टे प्रसूती सेवा, आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, नवजात शिशुको निःशुल्क उपचार, निशुल्क स्वास्थ्य परिक्षण सेवाको लागि रू. २१ लाख ८९ हजार रकम विनियोजन गरिएको छ ।

६४. वैदेशिक रोजगारी तथा अध्ययनमा जाने युवा लक्षित स्वास्थ्य कार्यक्र "निःशुल्क प्री मेडिकल स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गर्नका लागि जम्मा रकम रू. ४ लाख विनियोजन गरिएको छ ।

६५. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम सञ्चालन तथा क्षमता अभिवृद्धि गर्नका लागि जम्मा रकम रू. १९ लाख ५० हजार बजेट विनियोजन गरेकोछु ।

६६. प्रदेश सरकार संगको समन्वयमा खैरहनी नगर अस्पताल खैरहनीमा सेवा सुदृढीकरणको लागि रू. २५ लाख सहित स्वास्थ्य संस्थाहरुमा भौतिक तथा प्राविधिक पूर्वाधार

विकासको लागि कुल रकम रू. ४७ लाख ५० हजार विनियोजन गरिएको छ ।

६७. मिर्गौला रोगी, क्यान्सर रोगी, मेरुदण्ड पक्षघात, एच् आई भी संक्रमित बिरामीलाई मासिक उपचार खर्च तथा विपन्न नागरिक उपचार कार्यक्रम तथा निशुल्क एम्बुलेन्स सेवा सञ्चालनका लागि तथा निःशुल्क रगत अनुदानका लागि कुल रकम रू. ६२ लाख ७० हजार विनियोजन गरिएको छ ।

६८. समुदाय स्तरमा सर्ने तथा नसर्ने रोग , क्षयरोग नियन्त्रण, मानसिक स्वास्थ्य प्रवर्धन, समुदाय स्वास्थ्य कार्यक्रम नियमित सञ्चालन, स्वास्थ्य विपद् तथा माहामरी नियन्त्रणका लागि कुल रकम रू. २६ लाख ८८ हजार विनियोजन गरिएको छ ।

६९. वैकल्पिक चिकित्सा तथा आयुर्वेद सेवा सञ्चालन एवं वडा स्तरसम्म नागरिक आरोग्य केन्द्र सञ्चालन गर्नका लागि कुल रकम रु ९ लाख पचास हजार विनियोजन गरिएको छ ।

७०. वडा कार्यालय तथा स्वास्थ्य संस्था मार्फत स्वास्थ्य कार्यक्रम सञ्चालन तथा स्वास्थ्य संस्थाहरुको कार्यालय सञ्चालन खर्च समेत गरी कुल रकम रू. २१ लाख ३५ हजार विनियोजन गरिएको छ ।

७१. खैरहनी नगरपालिका भित्र आधुनिक तथा वैकल्पिक चिकित्सा सेवा सहित स्वास्थ्य पूर्वाधार विकास, जनशक्ती व्यवस्थापन, सर्ने तथा नसर्ने रोग, महामारी नियन्त्रण सहितको कार्यक्रम सञ्चालन गर्नका लागि स्वास्थ्य सेवा अन्तरगत कुल रकम रू. ५ करोड ६५ लाख विनियोजन गरिएको छ ।

## महिला, बालबालिका तथा जेष्ठ नागरिक एवं अन्य लक्षित समूह

७२. बालबालिकाहरूको सुरक्षित भविष्य र अधिकार सुनिश्चितताका लागि बालमैत्री वडा तथा नगर घोषणा कार्यक्रम, आकस्मिक संरक्षणका लागि बालकोष स्थापना, र लैंगिक हिंसा पीडितहरूको तत्काल उद्धार तथा राहतका लागि लैंगिक हिंसा निवारण कोष स्थापना गर्न आवश्यक बजेट विनियोजन गरेकोछु।

७३. समाजमा रहेका असहाय तथा सहयोगापेक्षी मानवहरूको उद्धार, संरक्षण र व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिँदै खैरहनीको मौलिक पहिचान बोकेको आदिवासी थारु समुदायको उत्थान, प्रवर्द्धन र थारु समुदाय लक्षित कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरेकोछु।

७४. अन्य सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूसँगको साझेदारीमा विविध सामाजिक कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिँदै अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, एकल महिला तथा विपन्न समुदायलाई आत्मनिर्भर बनाउन मागमा आधारित सीप विकास तालिम र प्रविधि हस्तान्तरण गरिनेछ।

७५. शारीरिक अशक्तता भएका नागरिकहरूको सेवा प्रवाहलाई सरलीकृत गर्न प्रदेश सरकार सहयोगमा समुदायमा आधारित पुनर्स्थापना सहयोग कार्यक्रमका लागि बजेट सुनिश्चित गरेकोछु।

७६. अपाङ्ता तथा फरक क्षमता भएका व्यक्तिहरूले खैरहनी नगरपालिकामा कुनै व्यवसाय सञ्चालन गर्न चाहेमा व्यवसाय दर्ता शुल्कमा सतप्रतिशत छूट दिने प्रवन्ध मिलाएकोछु । यसले गर्दा अपाङ्गता भएका व्यक्तिको मनोबल बृद्धि हुनुका साथै व्यवसायिकता प्रवर्द्धन हुने अपेक्षा लिएको छु ।

## पूर्वाधार विकास

७७. चालू आर्थिक वर्ष २०८२/८३ मा कार्यसम्पादन भईरहेका नगर गौरवका योजनाहरू अन्तर्गत नगरको सौन्दर्यकरण,

पूर्वाधार विकास तथा सामुदायिक सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले ती योजनाहरूलाई आर्थिक वर्ष २०८३/८४ मा निरन्तरता दिइएको छ । चैनपुर चोकमा नगरको पहिचान झल्काउने गरी आकर्षक गेट निर्माण, खैरहनी नगरभित्र बहुउद्देश्यीय खेलकुद र अन्य कार्यक्रम सञ्चालन गर्न सकिने कवर्ड हल निर्माण, बालबालिकामैत्री पूर्वाधार विकासलाई प्रोत्साहन गर्न वडा नंबर ६ मा निर्माण गरिएको बालउद्यानमा थप संरचना र सुविधाहरू निर्माण गर्न बालउद्यान विस्तार र बाढी नियन्त्रण, जलस्रोतको व्यवस्थापन र पर्यटकीय सम्भावना विकास गर्ने लक्ष्यका साथ डिज्नी पार्क नजिकै बुढीराप्ती खोलामा ब्यारेज निर्माण कार्यका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

७८. नगरको मुख्य व्यापारिक केन्द्र र बस्तीहरूलाई आबद्ध गर्दै ढल निकाससहितको दिगो यातायात सञ्जाल विकास गर्न वडा नंबर ६ पुरानो पर्साहुँदै मझुवई बाटो नालासहितको सडक स्तरोन्नति कार्य सङ्घीय सरकार र नगरपालिकाको समपूरक साझेदारी मार्फत कार्यान्वयन गरिनेछ। यस गौरवको आयोजनाका लागि कुल रू. ४ करोड १६ लाख ६७ हजार बजेट विनियोजन गरेकोछु।

७९. सामाजिक न्याय र समावेशी पूर्वाधार विकासको मान्यता अनुरूप वडा नंबर १, २, ३, ४, १०, ११, १२ र १३ का दलित, जनजाति, थारु, दरै, बोटे, गुरुङ, मगर आदि आदिवासी समुदायको बाहुल्यता रहेका क्षेत्रहरूमा बाटो ढलान तथा स्तरोन्नति गर्न बागमती प्रदेश सरकारसँगको समपूरक साझेदारी मार्फत कुल रू. ३ करोड विनियोजन गरेकोछु।

८०. प्रादेशिक सडक सञ्जालसँग नगरका वडाहरूको पहुँच सहज र सुरक्षित बनाउन बागमती प्रदेश सरकारसँगको समपूरक साझेदारीबाट वडा नंबर १२ र १३ झुवानिघाट हुँदै सिमलटाडी बहेरिया मार्ग स्तरोन्नति, र नर्सरीबाट गैंडाचोक महादेव पुल हुँदै धरमपुर बाटो स्तरोन्नति कार्यका लागि कुल रू. २ करोड ९५ लाख बजेट व्यवस्था मिलाएको छु।

८१. खैरहनी नगरभित्रका विभिन्न मुख्य राजमार्ग तथा लोकमार्गहरूसँग जोडिने अन्य सहायक सडकहरू र नाला निर्माण कार्यलाई क्रमागत रूपमा अगाडि बढाई आवतजावतलाई व्यवस्थित बनाउन संघ सरकारको सहयोगमा रू. १ करोड ६७ लाख विनियोजन गरेकोछु।

८२. निर्माण भइसकेका सार्वजनिक भौतिक संरचनाहरूलाई बाह्रै महिना चालु र दुरुस्त राख्नका लागि मर्मत सम्भार विशेष कोष तर्फ रू. २५ लाख र वडा स्तरका आकस्मिक आवश्यकता एवं जनसहभागितामा आधारित पूर्वाधार मागलाई तत्काल सम्बोधन गर्न स्थानीय विकास विशेष कोष तर्फ रू. ३० लाख गरी कुल रू. ५५ लाख बजेट सुरक्षित गरेकोछु।

८३. आगामी वर्ष स्वीकृत गुरुयोजनाका आधारमा विद्यालय पूर्वाधार विकास र सुरक्षित नागरिक आवास सम्झौताका कार्यहरूलाई अगाडि बढाउने नीति लिएको छु। यसका साथै नगरका मुख्य बजार क्षेत्रहरूमा व्यवस्थित ढल, उज्यालो सडक बत्ती, बाल उद्यान तथा हरियाली क्षेत्र निर्माण गरी सुरक्षित, आधुनिक र उत्थानशील सहरी पूर्वाधारको विकासका लागि आवश्यक बजेट व्यवस्थापन गरेकोछु।

८४. आगामी आर्थिक वर्ष नगरपालिकाका गौरवका आयोजनाहरूको लागि रू. १ करोड ३२ लाख विनियोजन गरेकोछु । यसबाट वडास्तरमा बजेटको चापको कारणले छनोट हुन नसकेका तर अत्यावश्यक आयोजनाहरू सञ्चालन हुनेछन् । नगरस्तरीय कार्यक्रमहरूको लागि रू. १ करोड ३८ लाख बजेट व्यवस्था मिलाएको छु ।

## वडाहरू तर्फ

८५. वडाहरूका भित्री बस्ती तथा लिङ्क रोडहरूमा दिगो यातायात सञ्जाल विस्तार गर्न प्राथमिकताका साथ सडक स्तरोन्नति, ग्राभेल गर्ने र विभिन्न वडाका मुख्य भित्री सडकहरूलाई क्रस-ड्रेनेज सहित ढलान गर्न आवश्यक बजेट विनियोजन गरेकोछु।

८६. सहरीकरण उन्मुख बस्तीहरूमा बर्षायाममा हुने डुबानको समस्यालाई सदाका लागि अन्त्य गर्न सडकका दायाँबायाँ व्यवस्थित पक्की नाला निर्माण, ह्युम पाइप राख्ने कार्य र आवागमन सहज बनाउन विभिन्न रणनीतिक स्थानहरूमा कल्भर्ट निर्माणका लागि बजेट व्यवस्था गरेकोछु।

८७. स्थानीय टोल र समुदायको सामाजिक प्रशासनिक सुगमताका लागि वडा भित्रका विभिन्न मठ-मन्दिर, धार्मिक स्थलको संरक्षण, सामुदायिक भवनहरूको मर्मत सम्भार एवं अधुरा भवनहरूको निर्माण कार्य पूरा गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएको छु।

८८. सार्वजनिक सुरक्षा र उज्यालो नगरको संकल्पलाई पूरा गर्न वडाहरूका मुख्य चोक तथा बस्तीहरूमा काठका पुराना पोलहरू विस्थापित गरी नयाँ पोल र तारको व्यवस्थापन गर्न तथा सडकबत्ती जडान मार्फत ग्रामीण विद्युतीकरण पूर्वाधारलाई थप सुदृढ बनाउन बजेट विनियोजन गरेकोछु।

## सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

## सूचना प्रविधि

८९. नगर क्षेत्रभित्रको शान्ति सुरक्षा, अपराध नियन्त्रण र बजार अनुगमनलाई प्रविधि प्रणालीमा आबद्ध गर्न नगरभित्र सिसि क्यामरा जडान कार्यका लागि आवश्यक बजेट विनियोजन गरेकोछु। यसका साथै मुख्य बजार क्षेत्र सुरक्षालाई थप मजबुत बनाउन बागमती प्रदेश सरकारको सहयोगमा सि.सि.टि.भि. जडानका लागि बजेटको व्यवस्था मिलाएको छु।

९०. कार्यसम्पादनलाई कागजरहीत बनाउन आवश्यकताका आधारमा सूचना प्रविधि उपकरण खरिद, सफ्टवेयर खरिद तथा अध्यावधिक, र जनप्रतिनिधि एवं कर्मचारीहरूको प्रविधिजन्य क्षमता विकास र तालिमका लागि आवश्यक बजेट व्यवस्थापन गरेकोछु।

**न्यायिक समिति तथा मेलमिलाप केन्द्र**

९१. आम नागरिक र विद्यार्थी पुस्तामा कानूनी ज्ञानको प्रवर्द्धन गरी विधिको शासन कायम गर्न विद्यालयस्तरीय कानूनी साक्षरता कार्यक्रम र टोल-समुदाय स्तरमै पुगेर विवाद निरूपण एवं परामर्श दिन समुदायस्तरीय कानूनी घुम्ती शिविरजस्ता चेतनामूलक कार्यक्रमहरूलाई विशेष प्राथमिकताका साथ सञ्चालन गर्न आवश्यक बजेट बिनियोजन गरेकोछु। यसका साथै, स्थानीय स्तरमा न्याय सम्पादनको क्षेत्रमा रहेका सवाल र चुनौतीहरूका बारेमा सरोकारवालाहरूबीच गहन छलफल र समन्वयका लागि न्यायिक अन्तरसंवाद कार्यक्रम अगाडि बढाइनेछ।

९२. स्थानीय विवादहरूलाई आपसी समझदारी र मेलमिलापको माध्यमबाट टुङ्गो लगाई समाजमा शान्ति र सद्भाव कायम राख्न मेलमिलाप केन्द्र सञ्चालन तथा व्यवस्थापन र मेलमिलापकर्ता क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिएको छु। न्यायिक समितिको कार्यसम्पादनलाई थप सबल र नतिजामुखी बनाउन मेलमिलाप नगरपरिषद भेला एवम् कार्यसम्पादन सबलीकरण कार्यक्रम, असल अभ्यास, सिकाई तथा अनुभव आदानप्रदान कार्यक्रम र न्यायिक समितिको

दैनिक कार्य सञ्चालन एवं व्यवस्थापनका साथै आवश्यक सामग्री खरिद तथा निर्माणका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

## वातावरण तथा विपद् व्यवस्थापन शाखा

९३. वर्षायाममा आउने बाढी र कटानको दीर्घकालीन नियन्त्रणका लागि नेपाल सरकारको सहयोगमा खैरहनी नगरपालिका वडा नंबर ५, ७, ९, १०, १२ र १३ ढुङ्ग्रेखोला तटबन्धन, आर.सि.सी. वाल तथा ड्याम निर्माण कार्यका लागि रू. १ करोड ३५ लाख विनियोजन गरेकोछु। यस बृहत पूर्वाधार परियोजनाले नदी तटीय क्षेत्रका हजारौं नगरवासीहरूको जमिन र बस्तीलाई सुरक्षित राख्न कोशेढुङ्गाको काम गर्ने विश्वास लिएको छु।

९४. खैरहनी नगरपालिका भित्रका लक्षित र विपन्न वर्गलाई मध्येनजर गरी न्यूनतम् पानी महसुल भुक्तानीको लागि नगरपालिकाबाट अनुदानको लागि आवश्यक रकम विनियोजन गरेकोछु।नगरवासीहरूमा शुद्ध र स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गर्न बागमती प्रदेश सरकारको सहयोगमा नगरपालिका भित्र स्वच्छ खानेपानीको पहुँच

विस्तार गर्न खानेपानी विस्तार एवम् निर्माण तथा मर्मत कार्यका लागि रू. ७० लाख विनियोजन गरेकोछु। साथै, नगरको खानेपानी र सरसफाइको अवस्थालाई आधुनिक एवं प्रविधिमैत्री ढाँचामा अभिलेखीकरण गर्न नेपाल सरकारको नगद अनुदान सहयोगमा तोकिएबमोजिम नगरपालिकाको सरसफाई योजना (वास प्लान) बनाउने कार्यका लागि आवश्यक बजेट व्यवस्था गरेकोछु ।

९५. नगर क्षेत्रभित्र आइपर्न सक्ने प्राकृतिक तथा गैर-प्राकृतिक जोखिमहरूको पूर्व तयारी र प्रतिकार्यका लागि वातावरण तथा विपद व्यवस्थापन कार्यक्रमका लागि रू. ५० लाख विनियोजन गरेकोछु। यसका साथै, आकस्मिक विपदको समयमा नागरिकहरूलाई तत्काल राहत पुऱ्याउन विपद राहत सहायता, नवीकरणीय ऊर्जाको प्रवर्द्धनका लागि वैकल्पिक ऊर्जा कार्यक्रम, आगलागी नियन्त्रण व्यवस्थापन, मुख्य बजार क्षेत्रको दैनिक सरसफाइ, जलवायु परिवर्तन सम्बन्धी अन्तरक्रिया, र विपद व्यवस्थापन तथा पूर्व सूचना प्रणाली सम्बन्धी सचेतना कार्यक्रमहरूका लागि आवश्यक बजेट व्यवस्थापन गरेकोछु।

## राजस्व शाखा

९६. नगरबासीलाई आफ्नो करप्रतिको जिम्मेवारी बोध गराउन "राजस्व संकलन सबल बनाऔं, नगरलाई नमुना बनाऔं" भन्ने मूल नाराका साथ व्यापक करदाता शिक्षा र सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ। यस्ता चेतनामूलक कार्यक्रमहरू उद्योग वाणिज्य संघ खैरहनी, उद्योग संघ खैरहनी इकाइ र नेपाल चेम्बर अफ कमर्स, खैरहनीसँगको सहकार्य र साझेदारीमा अगाडि बढाइनेछ।

९७. अन्य निकायमा दर्ता भई सञ्चालनमा रहेका तर यस नगरपालिकामा दर्ता नभएका व्यवसायहरूलाई आर्थिक वर्ष २०७८/७९ सम्मको व्यवसाय कर छूट दिई आर्थिक वर्ष २०७९/८० देखि व्यवसाय कर लाग्नेगरी व्यवसाय दर्ता गर्ने व्यवस्था मिलाएको छु ।

## कर्मचारी व्यवस्थापन

९८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेश किताबखानाको पत्राचार तथा संगठन तथा व्यवस्थापन

सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ अनुसार नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरू तथा स्वास्थ्य संस्थाहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओ एण्ड एम) मार्फत संगठनात्मक संरचना स्वीकृत गरी कर्मचारीहरूलाई मौद्रिक तथा गैर-मौद्रिक प्रोत्साहनका लागि आवश्यक व्यवस्था मिलाएको छु।

**नगर सभाका सभाध्यक्ष महोदय,**

अब म गत आर्थिक वर्ष २०८१/८२ को यथार्थ खर्च, चालू आर्थिक वर्ष २०८२/८३ को संशोधित तथा आगामी आर्थिक वर्ष २०८३/८४ को अनुमानित आय व्यय सहितको प्रस्तावित बजेट यस सम्मानित सभा समक्ष पेश गर्न चाहन्छु ।

९९. आर्थिक वर्ष २०८१/८२ को कुल  वार्षिक बजेट रू. १ अर्ब ४६ करोड ६३ लाख १४ हजार मध्ये आन्तरिक स्रोतबाट रू. १८ करोड ३६ लाख ७ हजार, अन्तर सरकारी वित्त हस्तान्तरणमार्फत रू. २८ करोड ८६ लाख ८६ हजार र अन्य बाह्य श्रोतबाट रू. ८२ करोड ३६ लाख ४९ हजार र  बैङ्क मौज्दातबाट रू. १७ करोड ३ लाख ७२ हजार प्रस्तावित रहेको थियो । त्यस्तै गरी कुल व्यय रू. १ अर्ब

३५ करोड ४ लाख मध्ये चालु खर्च ४३ करोड ७३ लाख ४६ हजार, पूँजीगत खर्च रू. ५२ करोड ९५ लाख ९६ हजार, अन्तर सरकारी वित्त हस्तान्तरणतर्फ रू. २८ करोड ८६ लाख ८६ हजार, वित्तीय व्यवस्थापनबाट रू. ४ करोड ५८ लाख ४० हजार, फिर्ता अनुदान रू. ४ करोड ८८ लाख ३२ हजार र अन्तिम बैंक मौज्दात रू. ११ करोड ६० लाख १४ हजार रहेको थियो । समयमानै आयोजना सम्पन्न हुन नसकि संघ र प्रदेशको अनुदान फिर्ता गर्दा अग्रीम आर्थिक वर्षको लागि नगरपालिकाका लागि दायित्व सरी आएको देखिन्छ ।

१००. चालू आर्थिक वर्ष २०८२/८३ का लागि कुल बजेट रू. १ अर्ब ५ करोड ७८ लाख ९९ हजार हुने रहेको छ । कूल बजेट मध्ये आन्तरिक आयमा रू. १९ करोड ६१ लाख ६० हजार ,बाह्य श्रोतबाट रू. ८१ करोड ७७ लाख ३९ हजार र गत वर्षको बैंक मौज्दात रू. ४ करोड ४० लाख रहेको छ । कुल खर्च रू. १ अर्ब ५ करोड ७८ लाख ९९ हजार हुने संशोधित अनुमान मध्ये चालु खर्च रू. ४८ करोड ९१ लाख ५२ हजार र पूँजीगत खर्च रू. ५६ करोड ८७ लाख ४७ हजार हुने अनुमान छ । चालू आर्थिक

वर्षको अन्त्यसम्ममा करिब रू. ७ करोड ५० लाख रकम आगामी आर्थिक वर्षको लागि बैङ्क मौज्दात सरिजाने अनुमान गरी आगामी आर्थिक वर्षको वार्षिक बजेट प्रस्ताव गरेको छु ।

**सभाध्यक्षज्यू**

**अब म आगामी आर्थिक वर्ष २०८३/८४ को प्रस्तावित अनुमानित आय,व्यय र क्षेत्रगत बजेट प्रस्तुत गर्न चाहन्छु ।**

१०१. आगामी आर्थिक वर्ष २०८३/८४ का लागि कुल वार्षिक बजेट रू. १ अर्ब ८ करोड ७३ लाख ३१ हजार ३ सय २५ हुने अनुमान छ । बार्षिक बजेटको कुल खर्चमध्ये चालु खर्चतर्फ रू. ५० करोड १६ लाख ६० हजार र पुंजीगत खर्चतर्फ रू. ५८ करोड ५६ लाख ७१ हजार ३ सय २५ हुने प्रारम्भिक अनुमान छ ।

१०२. आगामी आर्थिक वर्षको कुल बजेट गत आर्थिक वर्ष २०८१/८२ को यथार्थ खर्चभन्दा १२ दशमलव ४५ प्रतिशतले बढी रहेको छ भने चालु आर्थिक वर्ष २०८२/८३ को संशोधित अनुमानभन्दा २ दशमलब ७९ प्रतिशतले बढी रहेको छ ।

**अब म यस गरिमामय सभामा आगामी आर्थिक वर्षको कूल बजेटको सीमा तथा व्ययको श्रोत/ क्षेत्रगत विवरण पेस गर्न चाहन्छु ।**

**आय तर्फ**

१०३. आगामी आर्थिक वर्ष आन्तरिक आय रू. १३ करोड १४ हजार र स्थानीय राजश्व बाँडफाँडमार्फत रू. ११ करोड १४ लाख ८६ हजार अनुमान गरेकोछु । त्यसैगरी सङ्घीय सरकार सशर्त अनुदान रू. २५ करोड ८२ लाख, सङ्घीय सरकार समानीकरण अनुदान रू. १५ करोड ७० लाख, सङ्घीय सरकारबाट राजस्व बाँडफाँड भई प्राप्त हुने रू. १३ करोड ६९ लाख ३४ हजार, सङ्घीय सरकार विशेष अनुदान रू. २ करोड ६८ लाख, सङ्घीय सरकार समपुरक अनुदान रू. १ करोड ७५ लाख, बागमती प्रदेश सरकार सशर्त अनुदान रू. ३ करोड ३९ लाख, बागमती प्रदेश सरकार समानीकरण अनुदान रू. १ करोड ४७ लाख ४६ हजार, प्रदेश सरकारबाट बाँडफाँड भई प्राप्त हुने सवारी साधन कर रू. ७ करोड ९ लाख १ हजार ३ सय २५, प्रदेश सरकार समपुरक अनुदान रू. १ करोड ७८ लाख ५० हजार, प्रदेश सरकार विशेष अनुदान रू. ७० लाख, सडक बोर्ड नेपालबाट

प्राप्त हुने रू. ६० लाख समपूरक अनुदान, लागत सहभागिताको अनुमानित रकम रू. ५० लाख र चालु वर्षको अनुमानित बैंक मौज्दात आगामी आर्थिक वर्षका लागि सरिजाने रू. ७ करोड ५० लाख गरी कुल जम्मा रू. १ अर्ब ५ करोड ८३ लाख ३१ हजार ३ सय २५ अनुमान गरेकोछु ।

**व्यय तर्फ**

१०४. आगामी आर्थिक वर्ष कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च रू. १३ करोड, नगरस्तरीय पूर्वाधारका योजना तथा कार्यक्रम तर्फ रू. २ करोड ७० लाख, वडास्तरीय योजना तर्फ रू. १७ करोड २६ लाख, विषयगत शाखा र सामाजिक विकास तर्फ रू. ९ करोड ५० लाख, नगरस्तरीय विभिन्न कोष तर्फ रू. १ करोड, समपुरक कोष रू. ५ करोड ७९ लाख ३५ हजार, सडक बोर्ड तर्फका आयोजनामा रू. ६० लाख, लागत सहभागिता तर्फ रू. ५० लाख, अन्तर सरकारी वित्तीय हस्तान्तरण सङ्घीय तर्फ रू. ३० करोड २५ लाख र अन्तर सरकारी वित्तीय हस्तान्तरण बागमती प्रदेश सरकार तर्फको रू. ४ करोड ८७ लाख ५० हजार गरी जम्मा रू. १ अर्ब ८ करोड ७३ लाख ३१ हजार

३ सय २५ व्यय अनुमान गरिएको छ। यसरी आगामी आर्थिक वर्षको वार्षिक बजेटमा आयभन्दा व्यय बढी भई रू. २ करोड ९० लाख बजेट न्यून हुनजान्छ । उक्त न्यून रकम वडा कार्यालयहरू र नगर कार्यपालिकाको कार्यालयमा रहेका स्थायी कोषहरूबाट सापटी लिई न्यूनपूर्ति गर्ने व्यवस्था गरेकोछु । न्यून रकम पूर्ति नहुने बेलासम्म सो रकम कोषहरूमा रोक्का राखिनेछ र अन्य माध्यमबाट न्यूनपूर्ति भएपश्चात रोक्का रकम स्वतः फुकुवा गर्ने व्यवस्था मिलाएको छु ।

**दायित्व भुक्तानीसम्बन्धी विशेष व्यवस्था**

१०५. चालू आर्थिक वर्षमा कार्यान्वयनमा रहेका र आगामी आर्थिक वर्षका लागि दायित्व सरिजाने केही ठूला आयोजनाहरूको लागि दायित्वपूर्ति गर्न कूल रू. २३ करोड २५ लाख ४६ हजार ३२५ बजेट सुनिश्चितता गरेकोछु ।

**क्षेत्रगत रुपमा व्ययको अनुमान**

१०६. कुल अनुमानित बजेट मध्ये आर्थिक विकास क्षेत्र तर्फ रू. ५ करोड ७० लाख २३ हजार अर्थात ५ दशमलव २५ प्रतिशत, सामाजिक विकास क्षेत्रतर्फ ३४ करोड ५१ लाख ४२ हजार अर्थात ३१ दशमलव ७४ प्रतिशत, पूर्वाधार विकास

क्षेत्रतर्फ रू. ५३ करोड ४२ लाख ११ हजार ३ सय २५ अर्थात ४९ दशमल १३ प्रतिशत, सुशासन तथा संस्थागत क्षमता विकासतर्फ रू. १५ करोड ९ लाख ५५ हजार अर्थात १३ दशमलव ८८ प्रतिशत व्यय हुने अनुमान गरिएको छ ।

**राजस्व सम्बन्धी विवरण**

१०७. चालु आर्थिक वर्ष २०८२/८३ को आन्तरिक राजस्व रू. १९ करोड ८० लाख ५० हजार अनुमान रहेकोमा बैशाख मसान्तसम्ममा रू. १३ करोड २१ लाख २० हजार प्राप्त भएकोछ । जुन चालू वर्षको लक्ष्यको ६६ दशमलव ७१ प्रतिशत हुन आउँछ । यस अनुसार चालु आर्थिक वर्षमा राजस्वको लक्ष्य पुरा गर्न कठिनाई हुने देखिन्छ।

**सभाध्यक्षज्यू,**

१०८. प्रस्तुत बजेटसाथ चालू आर्थिक वर्ष २०८२/८३ को आर्थिक सर्वेक्षण, खैरहनी नगरपालिकाको आर्थिक विधेयक, २०८३, खैरहनी नगरपालिकाको विनियोजन विधेयक, २०८३ एवम् आगामी आर्थिक वर्षसहित थप तीनवर्षको खर्चको आँकलनसहितको मध्यकालीन खर्च संरचना (एम.टि.इ.एफ.) यसैसाथ सम्मानित सभा समक्ष पेश गरेकोछु ।

१०९. बजेट तर्जुमा गर्ने सिलसिलामा हामीले गरेको आग्रहलाई स्वीकार गरी बैठकमा उपस्थित भई उल्लेखनीय सहयोग गर्नुहुने नगरसभा सदस्यज्यूहरू, विभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरूलाई विशेष धन्यवाद दिन चाहन्छु। साथै, आवश्यक सल्लाह सुझाव दिनुहुने सङ्घीय संसद तथा प्रदेश सभाका माननीय सांसदज्यूहरू, र जिल्ला समन्वय समितिको प्रमुखज्यूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु।

११०. यस नगरसभा सम्पन्न गर्न अहोरात्र कार्यमा खटिई सहयोग गर्नुहुने नगर कार्यपालिकाको कार्यालयका कर्मचारी साथीहरू र हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनुहुने सम्पूर्ण राजनीतिक दलका नगर समितिका प्रमुखज्यूहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

१११. अन्त्यमा, यस नगरसभा अधिवेशनमा उपस्थित हुनुहुने नगरसभा अध्यक्षज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, नगरसभा सदस्यज्यूहरू, नगरसभाका सचिव, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरू, र पत्रकार मित्रहरू प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु।

११२. विगतमा जस्तै प्रस्तुत बजेट कार्यान्वयनको निमित्त पनि यहाँहरूबाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रूपमा लिएर खैरहनी नगरपालिका अगाडि बढ्ने विश्वास दिलाउँदै, यस कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरू सबैको सहयोग निरन्तर रहने अपेक्षा गरेकोछु।

**धन्यवाद !**

**कबिता उप्रेती**

**नगर उप-प्रमुख**

**खैरहनी नगरपालिका, खैरहनी चितवन**

**दिनाङ्क : २०८३ साल आषाढ १० गते मंगलबार**